# लेखापरीक्षण प्रतिवेदन

## कपिलवस्तु नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कपिलवस्तु नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/674

श्रीमान् नगरप्रमुख ज्यू,

कपिलवस्तु नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु ।

**विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/674

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान प्रमुखज्यू ,

कपिलवस्तु नगरपालिका,**नगर**कार्यपालिकाको कार्यालय,

कपिलवस्तु ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन ।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु २ अर्व ३० करोड ८० लाख ५८ हजारको लेखापरीक्षणबाट रु. १ करोड ५७ लाख ७५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.९१ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु ५० लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८६ लाख ९ हजार, नियमित गर्नुपर्ने रु. १४ लाख ६८ हजार र पेश्की रु. ५ लाख ९५ हजार गरी जम्मा रु. १ करोड ५६ लाख ८४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १८ करोड ९२ लाख ५२ हजार यस वर्ष पालिकाले संपरीक्षणको लागि पेश गरेको छैन।पालिकाको हालसम्म अद्यावधिक बेरुजू रु. २० करोड ४९ लाख ३६ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७३ | १३८ | १,५७,७५,२५१ | ० | ३ | ९१,१७० | ० | ७३ | १३५ | १,५६,८४,०८१ | ५०,१२,४४० | १४,६८,४१३ | ८६,०८,५६१ | ० | ० | १,००,७६,९७४ | ५,९४,६६७ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कपिलवस्तु | १८,९२,५२,१४१ | ० | ० | १८९२५२१४१ | ० | १,५६,८४,०८१ | २०४९३६२२२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट संपरीक्षण** | | | | |
| १ | २०८१/८२ | २२ | संघिय सशर्त कार्यक्रम | ९१,१७० |
| **जम्मा** | | | | **९१,१७०** |

# कपिलवस्तु नगरपालिका, कपिलवस्तु

# ( ८०५४९४०१३०० )

# कपिलबस्तु नगरपालिका , कपिलबस्तु

# परिचय

१ **परिचय**

**१.१ कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा,६४ सभा सदस्य र १३६.९१ वर्ग किलोमिटर क्षेत्रफल तथा ८८७७४ जनसंख्या रहेको छ ।

**१.२ लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**१.३ लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०८।२४ देखि २०८२ ।०९।१० सम्म रहेको छ ।

**१.४ लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**१.५ लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**१.६ आर्थिक कारोबारको स्थिति :-** यस पालिकाको आयतर्फ रू. ११३८७३१७७० व्ययतर्फ रू.११६९३२६७४९ गरी जम्मा रू. २ अर्व ३० करोड ८० लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परीक्षण

२.१ वित्तीय विवरण परीक्षण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मा म.ले.प.फारम नं. २७० मा सवै वित्तीय कारोबार देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा व्यवस्था भएकोमा पालिकाले देहायका भुक्तानी बाँकीको विवरण, लगानी लगायतका विवरणहरुको साथै सम्पूर्ण टिप्पणी तथा अनुसूची प्रविष्टि गरेको देखिएन यस सम्बन्धी बेहोरा निम्नानुसार रहेका छन्-

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **रकम** | **रकम** | **क्र.सं.** | **विवरण** | **रकम** | **रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | **१७९८७४९८५** | **१७९८७४९८५** | **१** | **चालु खर्च** | **५४८२१०१००** | **५४८२१०१००** |
| | क) ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १४३९८५०८६ | | २ | क) पालिका तर्फ | २४२१८१७१७ | |
| | ख) ग २.७ विविध खर्च खाता | ८७४०१६ | | | ख) संघीय सशर्त | ३०४९१६८९३ | |
| | ग) ग ३.१ स्थानीय तह धरौटी खाता | २६४७६३९१ | | | ग) प्रदेश सशर्त | १११९४९० | |
| | घ) ग ५.१ स्थानीय तह विविध कोष खाता | ३२६३०८६ | | ३ | पुँजीगत खर्च | २५५६९०६८२ | २५५६९०६८२ |
| | ङ) ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५२७६४०५ | | | क) पालिका तर्फ | २११७७०४३७ | |
| **२** | **राजस्व ( आन्तरिक आय)** | | | | ख) संघीय सशर्त | २५७३८७९६ | |
| | क) आन्तरिक राजस्व | ५१९६९०६१ | ५१९६९०६१ | | ग) संघीय विशेष | ६६४०००० | |
| **३** | **वित्तीय हस्तान्तरण (संघ)** | **६७५८९७६१७** | **६७५८९७६१७** | | घ) प्रदेश सशर्त | ११५४१४५० | |
| | क) वित्तिय समानीकरण अनुदान | १६८९३०१६० | | ४ | अन्तर सरकारी अख्तियारीबाट प्राप्त | ३२०१५५०६६ | ३२०१५५०६६ |
| | ख) राजस्व बाँडफाँट | १३९७७९२०७ | | | क सामाजिक सुरक्षा | ३१७८९८०६६ | |
| | ग) सशर्त अनुदान | ३५८८३३२५० | | | ख) विद्यालय क्षेत्र योजना | २५२००० | |
| | घ) समपूरक अनुदान | ८३५५००० | | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २००५००० | |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **७७३३२८६१** | **७७३३२८६१** | **५** | **विभिन्न कोषतर्फको खर्च** | **११२३५२८०** | **११२३५२८०** |
| | क) वित्तीय समानीकरण अनुदान | १३२४२००० | | | क) ग ३.१ स्थानीय तह धरौटी | ९०४०२१९ | |
| | ख) राजस्व बाडफाँट | ४७२९४८६१ | | | ख) ग २.७ विविध खर्च | २१९५०६१ | |
| | ग) सशर्त अनुदान | ७६५२००० | | ६ | अनुदान फिर्ता | ३४०३५६२१ | ३४०३५६२१ |
| | घ) समपूरक अनुदान | ७४५९००० | | ९ | संघीय शसर्त अनुदान | २८१७७५६१ | |
| | ङ) विशेष अनुदान | १६८५००० | | | संघीय समपुरक अनुदान पुँजीगत | १७१५००० | |
| **५** | **अन्तर सरकारी अख्तियारीबाट प्राप्त** | **३२०१५५०६६** | **३२०१५५०६६** | | शसर्त अनुदान पुँजीगत | ३४८०२३४ | |
| | क सामाजिक सुरक्षा | ३१७८९८०६६ | | | विषेश अनुदान चालु | १७८७८ | |
| | ख) विद्यालय क्षेत्र योजना | २५२००० | | | समपुरक अनुदान पुँजीगत | ६४४९४८ | |
| | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २००५००० | | | अन्तिम मौज्दात | १४९२८०००६ | १४९२८०००६ |
| ६ | विभिन्न कोषतर्फको आय | १३३७७१६५ | १३३७७१६५ | ९ | क) ग ४.१ स्थानीय तह सञ्चित कोष | १११२४८२२२ | |
| | क) ग ३.१ स्थानीय तह धरौटी | १०६६०६४० | | | ख) ग २.७ विविध खर्च | १२६९५८० | |
| | ख) ग २.७ विविध खर्च | २५९०६२५ | | | ग) ग ३.१ स्थानीय तह धरौटी | २८०९६८१२ | |
| | ग) ग ५.१स्थानीय तह विविध कोष | ० | | | घ) ग ५.१ स्थानीय तह विविध कोष | ३२६३०८६ | |
| | घ) ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष | १२५९०० | | | ङ) ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ५४०२३०५ | |
| | **जम्मा** | | **१३१८६०६७५५** | | **जम्मा** | | **१३१८६०६७५५** |

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) अनुसूची खण्डमा समावेश छ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **भुक्तानी दायित्व-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तोकिएको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने उल्लेख छ। पालिकाले यस वर्ष भुक्तनी बाँकी भनि रु. करोड ५६ लाख १६ हजार बजेट विनियोजन गरी रु.1 करोड ३९ लाख ६९ हजार खर्च गरेकोमा वित्तीय विवरण (म.ले.प.फा.नं. २७०) टिप्पणी नं. १३ मा कुनैपनि रकम उल्लेख भएको देखिएन ।पालिकाले सम्पूर्ण रकम समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२.३ पालिकाको आर्थिक वर्ष २०८१।८२ को स्थानीय सांचेत कोष व्यवस्थापन प्रणालीले टिप्पणी ६.२ नगद र बैंक मौज्दात विवरणमा शुरु मौज्दात रु. १४ करोड ९३ लाख १४ हजार देखाएकोमा बैंक हिसाव विवरण अनुसार रु. १४ करोड ९२ लाख ८० देखाएको छ । पालिकाले श्रेस्ता भन्दा बैंकमा रु. ३४ हजार घटी देखाएको छ ।पालिकाको उक्त टिप्पणीमा आन्तरिक राजश्व खातामा रु ३४ हजार ९१० बाँकी रहेको देखिएकोले उक्त खाता शून्य बनाई पालिकाले यथार्थ विवरण तयार गरी हिसाव समायोजन गर्नुपर्दछ।

२.४ **लिन/उठ्न बाँकी रकम-** एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं. १५ मा लिन/उठ्न बाँकी रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । कार्यालयले नदिजन्य पदार्थबापतको राजश्व संकलन दाखिला तथा विभिन्न हाटबजार तथा बस पार्कको ठेक्काको कवोल अंकबापतको जरिवाना बापतको रकम दाखिला गर्नुपर्न बाँकी रहेकोमा पालिकाले तयार गरेको विवरणमा खुलासा गरेको नदेखिएको नियमानुसारको विवरण तयार गर्नुपर्दछ।

२.५ **बैंक हिसाब मिलान नगरेको —** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसार श्रेस्ता र बैंक खाताको हिसाब फरक गरेको देखियो । स्थानीय तह धरौटी खाता बैंक भन्दा श्रेस्ता कम देखिएकोले पालिकाले यकिन गरी हिसाव मिलान विवरण गनुपर्ने रु.

| क. स. | खाताको नाम | श्रेस्ताअनुसार अन्तिम मौजदात | बैंक अनुसार अन्तिम मौजदात | फरक |
|---|---|---|---|---|
| १ | स्थानीय तह धरौटि खाता | २८०९६८११.६८ | २७२२३९६०.९५ | ८७२८५०.७३ |
| २ | स्थानीय तह संचित कोष खाता | ० | ११०७४८२१.८८ | ११०७४८२१.८८ |
| जम्मा | | | ३८२९८७८२.८३ | ११९४७६७२.६१ |

| प्रमाण पेश नगरेको | ८,७२,८५०.७३ |
|---|---|

२.६ **सम्पत्तिको मौज्दात विवरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ (६) मा केन्द्रीय निकायले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा नियम १०१ मा सम्बन्धित केन्द्रीय निकायले एकीकृत वार्षिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । एकीकृत वित्तीय विवरणको टिप्पणी नं. ११ मा सम्पत्तिको मौज्दात रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गत वर्षको मौज्दात रु. ६ करोड ४२ लाख ४ हजार रहेकोमा यस वर्ष सम्पत्ति रु. १ करोड १३ लाख ३४ हजारको थप भई रु. २७ लाख ४० हजार खर्च भई ७ करोड ४५ लाख ६९ हजार मुल्य बराबरको मौज्दात देखाएकोमा पालिकाले तयार गरेको वित्तीय विवरण लेखा टिप्पणीमा उल्लेख गरेको देखिएन। पालिकाले वित्तीय विवरणमा सम्पत्ति रकम समावेश गरी तयार गर्नुपर्दछ ।

२.७ आयकर ऐन २०५८ को परिच्छेद २७ अनुसार कर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले तयार गरेको वित्तीय विवरणमा रु २२५४० कर कट्टी विवरण दाखिला गर्न बाँकी रहेको रहेकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ।

| प्रमाण पेश नगरेको | २२,५४० |
|---|---|

## ३ बजेट तथा कार्यक्रम

३.१ पालिकाले मिति २०८१ असार १० मा नगर प्रमुखबाट यस वर्ष विभिन्न १५ वटा नीति तथा १३१ वटा कार्यक्रम निर्धारण गरेकोमा प्रमूख कार्यक्रमहरु जस्तै सरल जीवन शैली र पद्धतीको धरातलमा मानवताको सहर कपिलवस्तु नगर बनाउने, प्रत्येक ५/५ वर्षमा अपांग व्यक्तिको तथ्याङ्क व्यवस्थित गर्न परिचयपत्र अद्यावधिक गर्ने, प्रत्येक वडाबाट प्रवाहित सेवालाई प्रभावकारी बनाउन प्रविधिमैत्री सेवा प्रवाह गर्न पूर्वाधार विकास गर्ने, उत्पादनमा अधारित आय आर्जन गर्ने सहकारीलाई प्रबर्द्धन गर्ने निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने, स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिने, प्रत्येक वडामा ६० वर्ष माथिका जेष्ठ नागरिकलाई निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने, स्वास्थ्य संस्थामा विद्युतिय आपूर्ति व्यवस्थापन प्रणाली लागू गर्ने, प्रत्येक विद्यालयमा (First Kid kit and sick room) अनिवार्य रुपमा व्यवस्था गर्ने, एक घर एक लघु उद्धमी सृजना गर्ने, २०३९ सालको पुरानो नगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्ने, घर नक्सा सम्पन्न प्रमाण पत्र जारी गर्दा अनिवार्य रुपमा २

वटा विरुवा वृक्षारोपण गर्नुपर्ने, प्रत्येक चोकमा फ्रि वाईफाईको व्यवस्था मिलाउने जस्ता कार्यक्रम उल्लेख गरिएकोमा यस्ता कार्यक्रमलाई बजेटले प्राथमिकता दिएको पाईएन । पालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरिएका महत्वपूर्ण कार्यक्रमलाई प्राथमिकताका साथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

३.२ **बजेट कार्यान्वयन -**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आ व को लागि पेश भएको राजश्व र व्ययको अनुमान (बजेट) मा पेश गरिएको कार्यक्रमलाई नगरपालिकाले प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ। नगरपालिकाले अनुसूचि खण्डमा समावेश कार्यक्रमहरू बजेटमा समावेश भएको तर कार्यान्वयन भएको छैन। स्वीकृत कार्यक्रम र बजेटलाई ध्यानमा राखी प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्दै पालिकाले लिएको दिर्घकालीन लक्ष्य हासिल गर्न बजेट कार्यान्वयन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.३ **योजनाको प्राथमिकीकरणः-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार पुजिँगत र कार्यक्रम नगरपालिकास्तरका कुल १४५८ वटा योजनामा बजेट विनियोजन गरेको छ। उपर्युक्त सम्वन्धमा ५० प्रतिशत भन्दा धेरै ५ लाख भन्दा साना कार्यक्रम देखिएको हुदा पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ नगरपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.४ **त्रैमासिक पुंजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| विवरण | बजेट | खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढमा मात्र |
|---|---|---|---|---|---|---|---|
| रकम (रु हजारमा) | ४३३६६६ | २५५६९० | ९४९ | ८९४९ | ७८००३ | १६८७५६ | ११४०८६ |
| प्रतिशत (%) | | १००% | | 0.३७% | ३०.५% | ६६% | ४४% |

माथिको तालिका अनुसार यस वर्ष ५८.९६ प्रतिशत खर्च भएकोमा चौथो त्रैमासिकमा कुल खर्चको ६६ प्रतिशत र आषाढमा मात्र ४४ प्रतिशत खर्च भएको छ । नगरपालिकाले तोकिएको त्रैमासिक अनुसार खर्च गर्न विनियोजन दक्षता एवं कार्यान्वयन प्रभावकारितामा वृद्धि गर्नु पर्दछ।

३.५ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ।साथै नगरसभाले सालबसाली विनियोजन ऐन व्यवस्था गरी खर्च र रकमान्तरको व्यवस्था गर्नु पर्दछ । नगरपालिकाले यो वर्ष वजेट रु १ अर्व १० करोड ५८ लाख विनियोजन गरेकोमा रु. २३ करोड ८२ लाख ८२ हजार रकमान्तर गरी खर्च गरेका छन्। ऐनको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्दछ।

३.६ **भुक्तानी दिन बाँकी विवरण नभएको -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा उपनियम १५ मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले बजेट तर्जुमा गर्दाको समयमा गतवर्षको प्रमाणित विवरणको आधारमा भुक्तानी दिन बाँकी रकम तथा क्रमागत योजनाहरुलाई प्राथमिकताको साथ पुरा गर्ने गरी बजेटको व्यवस्था गर्नुपर्दछ। योजना तथा कार्यक्रम तय गर्दा 'नगरपालिका गत वर्ष शीर्षक उल्लेख गरी बजेटमा कार्यक्रम राखेको र सो बाट यस वर्षका नयाँ कार्यक्रम, क्रमागत कार्यक्रम तथा भुतानी दिन बाँकी रकम लगायतका कार्यक्रमको भुक्तानी दिएको छ। गत वर्षको भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरी नराखेको, चालु प्रकृतिका जिम्मेवारी सार्न नमिल्ने प्रकृतिका चालु खर्चहरु समेत नगरपालिका गत वर्ष भन्ने शिर्षकबाट भुकानी भएको छ। नगरपालिका गत वर्ष पूजीगत तर्फ २२३ वटा योजनाको लागि रु १२८३९६०३०।— बजेट र राखी रु ९१४७६९८२।- खर्च भएको सथै चालुखर्च तर्फबाट ११५ वटा क्रियाकलपको लागि रु. १५६१६०५५/- बजेट विनियोजन गरि रु. १३९६७८१६।- खर्च भएको छ। नियमावलीले गरेको व्यवस्था

वमोजिम भुक्तानी दिन बाँकी विवरण नगर कार्यपालिकाबाट स्वीकृत तथा प्रमाणित गरी यथार्थ विवरणको आधारमा बजेट व्यवस्था गरी भुक्तानी दिनुपर्दछ।

३.७ **कार्यपालिकाका निर्णय र कार्यान्वयनको अवस्था —** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार नगरपालिकाले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख एकल अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी आफ्नो दैनिक काम, कर्तव्य र अधिकार निर्वाह तथा संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस आ. वा. मा कार्यपालिकाको बैठक संख्या ११८ देखि १२८ सम्म ११ पटक बसी ऐन बमोजिम पालिकाले निर्धारण गरेका रणनिति, कार्यनिति, लक्ष्य तथा नीति कार्यक्रम अनुसार निर्णय गर्नुपर्नेमा कृषि सहाकारी संस्थालाई प्रतिलिपि प्रमाण उपलब्ध गराउने, वडा नं. ८ स्थित जनकल्याण आधरभूत वि. मा अध्यायपन शिक्षिका शीला पाललाई श्रावण देखि कार्तिक सम्म तलब भत्ता भुक्तानी गर्ने, चौकिदार राख्ने, विविन्न वडामा विद्युत हेल्पर राख्ने करारका कार्यालय सहयोगीलाई सुविधा दिने जस्ता साधारण निर्णय देखि दीर्घकालीन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कर्मचारी नियुक्ति (कानुन तर्जुमा नगरिकनै) सरकारी जमिन अन्य संस्थालाई प्रदान गर्ने जस्ता निर्णय गरेको देखियो । कानुन अनुसारको नीति नियम तर्जुमा गरी सोहि अनुसार कार्यपालिकाले निर्णयहरु गरी पालिकाको “समृद्ध नगर खुसी नगरबासी, स्थिर र दिगो विकासको गति” नारालाई सार्थक बनाउनु पर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था रहेको छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनु पर्दछ

४.२ **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ३३(४) मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औंल्याइएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र सम्बन्धित कार्यालय पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको देखिएन । पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी तोकिएको अवधिमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४.३ **उपदान कोषः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ।उक्त ऐनको ९१.१ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने

रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपदान कोष तयार गरी कर्मचारीको योगदान बापत १० % रकम थप गरेर उपदान कोषमा जम्मा गरी नियमानुसार उपदान कोष निर्माण गरी पालिकालाई दीर्घकालीन आर्थिक बोझलाई कमि गर्नुपर्दछ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **तलवी प्रतिवेदन -**लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७(४) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्यतर्फका कर्मचारीको रु.१०७१५६८५.६० र पालिकातर्फका कर्मचारीको रु. ३६९२६००६.६६ गरि जम्मा रु. ४७६४१६९२ तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.२ **संगठन तथा कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ। साथै लुम्बिनी प्रदेश स्थानीय सेवा ऐन, २०८१ को दफा ५ र ६ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गर्नु पर्ने व्यवस्था छ ।पालिकामा स्वीकृत दरबन्दी ८३ जना, अन्य सेवाबाट समायोजन दरबन्दी २४ जना रहेकोमा लेखापरीक्षण अवधिसम्म ४७ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ३८ पदहरु रिक्त रहेर सेवा प्रवाह गर्नुपरेकोले संगठन तथा दरवन्दीको सर्वेक्षण गरी दरबन्दी मिलान गर्नुपर्दछ।
।

५.३ **सामाजिक परिचालक नियुक्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था छ ।लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा १४ मा स्थानीय तहको स्वीकृत सङ्गठन संरचना अनुसार स्थायी पदपूर्ति गरिने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गर्नु पर्ने उल्लेख छ। पालिकाले सो व्यवस्था विपरित हुने गरी सामाजिक परिचालक लाई चौथो अप्राविधिक कर्मचारीलाई करारमा नियुक्त गरेको देखियो । पालिकाले स्वीकृत दरबन्दीमा स्थायी पदहरुको लोकसेवा माग गरी पदपूर्ति गर्नु पर्दछ ।

५.४ **करारनामा नगरिकनै करार रकम भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा सो खर्चलाई प्रमाणित गर्ने विल भरपाई तथा प्रमाण कागजात संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष व्यक्तिगत करार सम्झौता नगरेको तर नगरकार्यपालिका साविक सर्त बमोजिम २०८१ पौस सम्म म्याद थप गर्ने भन्ने (२ जना एम.आई. एस. र फिल्ड सहायक बाहेक) भन्ने निर्णय गरी पालिका तर्फ ६५ जना कर्मचारीको लागि रु. १९६४७९८१ र स्वस्थ्य तर्फ २२ जनाको रु. ५४९७७४० समेत रु. २५१४५७२१ खर्च गरेकोमा नियमानुसार व्यक्तिगत करारनामा गरि रकम भुक्तानी गर्नु पर्दछ ।

५.५ **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्थ रहेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खरिद नियमवली २०६४ को नियम ९५ अनुसार सार्वजनिक निकायले श्रेणी विहिन कार्मचारी नियुक्ती गर्दा कुनै व्यक्ति फर्म वा संस्थासँग करार गरि सेवा करार लिन सक्ने व्यवस्था रहेको छ । पालिकाले आगामी दिनमा त्यस्तो सेवाको अवश्यकता, किसिम, समयवधि, गुणस्तर सेवा संचालनको विधि, लाग्ने मोटामोटी खर्च र कार्य क्षेत्रगत शर्त तयार गरी कार्यालय प्रमुख बाट स्वीकृत गराई सेवा माथि उल्लेखित कानुनी व्यवस्था अनुसार सेवा करार बाट सेवा लिनु पर्दछ ।

## ६ कानून निर्माण एवं कार्यान्वयन

६.१ **कानून कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम स्थानीय तहले आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रहि आवश्यकता अनुसार नियम, निर्देशिका र कार्यविधि बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था रहेको छ । पालिकाले हालसम्म नीति २ वटा, ऐन २६ वटा, नियमावली ६ वटा र निर्देशिका मापदण्ड र कार्यविधि ४० गरी हालसम्म ७४ वटा कानून निर्माण गरी कार्यान्वयनमा रहेका छन् । पालिकाले कानून तर्जुमा गर्दा प्रत्यायोजित अधिकारमा रही तर्जुमा गरी स्वीकृत कानुन प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

६.२ **मुद्दाको अवस्था-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(४) मा न्यायिक समितिले मेलमिलापको माध्यमबाट उजुरी तथा मुद्दाको छिनोफानो गर्नुपर्ने व्यवस्था रहेको छ। न्यायिक समितिलाई यस आर्थिक वर्षमा गत वर्षको जिम्मेवारी सारिएको उजुरी १७ र यस वर्ष थप भएको उजुरी ३२ सहित जम्मा ४९ वटा उजुरी

दर्ता भएकोमा ३५ वटा मुद्दाको फस्योंट भई १४ वटा उजुरीको किनारा नलागी वर्षान्तमा बाँकी देखिएकोले नियममानुसार बाँकी मुद्दा को किनारा लगाउनुपर्दछ।

७ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदयित्व नियमवली २०७७ को नियम ५० (२) अनुसार पेश्की लिने व्यक्तिले तोकिएको समय भित्र जुन प्रयोजनको लागि पेश्की लिएको हो सो कार्यक्रम संचालन गरी तोकिएको समय भित्र पेश्की फस्यौट गर्नुपर्ने सथै तोकिएको म्याद भित्र पेश्की फस्यौट नभएमा पेश्की फस्यौट गर्ने म्याद नघेको मिति देखि बर्षिक १० प्रतिशतको दरले व्याज र सावा एकमुष्ठ रुपमा बुझाउने पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको व्यक्तिलाई विविध कार्यक्रम सञ्चालन गर्नको लागि पेश्की उपलब्ध गराएकोमा पेश्की फर्छ्यौट तोकिएको समय भित्र समेत फस्यौंट गरेको देखिएन। साथै गत बर्षको प्रतिवेदनमा समेत बेरूजु कायम भएका देहायका मध्ये ४ वटा व्यक्ति तथा संस्थाहरूले लेखापरीक्षणको अवधिसम्म पनि पेश्की फर्छ्यौट नभएकोले नियमानुसार व्याज समेत असुल गरी फस्यौंट गर्नुपर्दछ।

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | कैफियत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | पर्वपुजाआजा | घनश्यामकुर्मी | हेभीसवारी चालक | | २५,०००.०० | |
| ३ | विविधखर्च पर्व पुजा | घनश्यामकुर्मी | हेभीसवारी चालक | | २५,०००.०० | गत वर्षको बेरूजु कायम |
| ४ | राजश्वसुदृढिकरण कार्यक्रम | सहाबुद्दीनदर्जी | सामाजिकपरिचालक | | १५०००० | गत वर्षको बेरूजु कायम |
| ५ | पर्वपुजा खर्च | घनश्यामकुर्मी | हेभीसवारी चालक | गतवर्षको | २५,०००.०० | गत वर्षको बेरूजु कायम |
| ६ | नगरसरसफाई कर्मीको ज्याला | राजेन्द्रप्रसाद वारी | हलुकासवारी चालक | गतवर्षको | २०,०००.०० | |
| ८ | कार्यक्रमखर्च | युवराजभुषाल | शिक्षअधिकृत | गतवर्षको | २००००० | गत वर्षको बेरूजु कायम |
| जम्मा | | | | | ४४५००० | |

८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ अनुसार सरकारी कामकाजको लागि पेश्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौट हुन बाँकी रहेको पेश्की रकम, पेश्की लिनेको नाम थर, स्थायी तथा अस्थायी ठेगाना, सम्पर्क फोन नम्बर, मोबाइल नम्बर र इमेल ठेगाना सहित कुन काम बापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले उक्त विवरण तयार गरी तोकिएको समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | चालुआ. व. | | | जम्माबाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | | म्यादनाघेको | म्यादननाघेको | म्यादनाघेको | |
| | | | | रकम | फछ्यौंटकोअन्तिम म्याद | | | | |
| १ | ०६/२१/२०८१ | पर्वपुजा खर्च | घनश्यामकुर्मी | ० | ०७/२६/२०८१ | २५,०००.०० | ० | २५,०००.०० | |
| २ | ०७/२३/२०८१ | नगरसरसफाई कर्मीको ज्याला | राजेन्द्रप्रसाद वारी | ० | ०८/२८/२०८१ | २०,०००.०० | ० | २०,०००.०० | |
| ३ | ०३/२४/२०८२ | आनन्दबागसिकोटवा मलपरवा सडक | ए.सि.एस.एस.सि. जे.भी. | ६४,००,०००.०० | ०४/२७/२०८२ | ० | ६४,००,०००.०० | ० | ६४ |
| ४ | १२/१२/२०८१ | विधुतपोल तथा सबै टोलको लागी | नेपालविधुत प्राधिकरण | ० | ०१/१६/२०८२ | १,९९,६६६.९९ | ० | १,९९,६६६.९९ | |
| ५ | ०१/०२/२०८२ | वडानं २ बर्गदवा विधुत पोल स्थानान्तरण | नेपालविधुत प्राधिकरण तौलिहवा वितरण केन्द्र | ० | ०२/०६/२०८२ | ३,५०,०००.०० | ० | ३,५०,०००.०० | ३ |
| ६ | ०३/०१/२०८२ | विधुतिकरणवडा नं ९ जलैया गाउंमा | नेपालविधुत प्राधिकरण | १,४९,८८१.७९ | ०४/०४/२०८२ | ० | १,४९,८८१.७९ | ० | |
| ७ | ०३/२५/२०८२ | स्थानीयपाठ्यपुस्तक कक्षा १-५ लेखन व्यवस्थापन | काठमाण्डौविश्वविद्यालय | १,५०,०००.०० | ०४/२८/२०८२ | ० | १,५०,०००.०० | ० | |
| जम्मा | | | | २,९९,८८१.७९ | | ५,४९,६६६.९९ | २,९९,८८१.७९ | २६,९९,९८४.९० | |

| | |
|---|---|
| पेश्की | ५,९४,६६६.९९ |

९ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS v1) संचालनमा रहेकोमा आर्थिक वर्ष २०८१/०८२ बाट PAMS V2 लागु गरिएकोमा PAMS v1 मा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा पालिकाले PAMS version 1 मा रहेको१०७ आइटमको रु.६४२०४९९७ को खर्च भएर नजाने जिन्सी मौज्दातरहेकोमा नयाँ प्रणाली (PAMS V2) मा ११२ आईटमको को रू. ७४५६९९६०.५८ कोजिम्मेवारी सारेको देखिन्छ । PAMS v1 बाट v2 मा अल्या गरेको विवरण मिलेको देखिएन । तसर्थ, नियमावलीको व्यवस्था अनुसार सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा भिडाई पुँजिगत सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१० **लिलाम विक्री**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को दफा १०६ मा नियम ९९ बमोजिम सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुटतथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नु पर्ने व्यवस्था छ । पालिकामा रहेका अनुसूचि खण्डमा समावेश भएका मालसामनहरुलाई जिन्सी निरीक्षण कमिटिले लिलाम विक्री गर्नुपर्ने भनि सिफारिस गरेकोले नियमावलीको व्यवस्थानुसार लिलाम विक्रीको कार्य गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११ **घ वर्गको नियमन**

कपिलवस्तु नगरपालिका घ वर्गको निर्माण इजाजतपत्र प्रदान सम्बन्धी कार्यविधि, २०७७ को दफा २ र ३ मा तोकिएको योग्यता पुगेका निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीलाई तोकिएको दस्तुर लिई इजाजतपत्र दिने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०८१-८२ मा १०९ वटा घ वर्गका निर्माण व्यवसायीलाई नविकरण देखियो। घ वर्गको निर्माण इजाजत तथा नविकरण गरेका केहीँ

फाइल नमुना परीक्षण गर्दा कार्यविधिको अनुसूचिमा बमोजिम वाटर पम्प-३, भाईब्रेटर-३, कम्तिमा रु.पाँच लाख मौज्दात रहेको कम्पनीको नाममा हालैको बैंक स्टेटमेन्ट र कर चुक्ता प्रमाणपत्र लगायत कागजातको अध्ययन गरेरमात्र इजाजत तथा नविकरण गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । तसर्थ, पालिकाले कार्यविधिले तोकेको कागजातहरुको आधारमा इजाजत पत्र जारी तथा नविकरण गर्नुपर्दछ।

१२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, बार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ प्रत्येक महिनाको सात गतेभित्र मासिक, प्रत्येक चौमासिक अवधि व्यतीत भएको पन्ध्र दिनभित्र चौमासिक र प्रत्येक आर्थिक वर्ष व्यतीत भएको तीस दिनभित्र वार्षिक वित्तीय प्रतिवेदन एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण वमोजिम पालिका भित्र ८५ वटा सहकारी संस्था दर्ता रहको देखियो । तर,पालिका भित्र संचालित अनुसूचि खण्डमा समावेश ४४ सहकारीहरूले प्रगति प्रतिवेदन,वित्तीय विवरण लगायतको विवरण COPOMIS प्रणालीमा अद्यावधिक गरेको देखिएन । त्यसैगरी, पालिकाले त्यस्ता सहकारी संस्थाहरूको नियमित अनुगमन निरीक्षण गरी कानून वमोजिम संचालन नभएको विषयमा प्रतिवेदन लिनुपर्नेमा सो कार्य गरेको देखिएन । तसर्थ, ऐन र नियमावलीको निर्देशिका अनुसार सहकारीहरूको प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१३ **गैरसरकारी संस्था नियमन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५(१) मा गैरसरकारी सङ्घ संस्थाले संस्था, सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिई गर्नु पर्ने, गैरसरकारी सङ्घ संस्थाले स्थानीय तहसँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने, आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरी संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन पेश गर्ने उल्लेख छ । पालिकामा हाल सक्रिय रहेका ३८ वटा गैरसरकारी संस्थाहरूले पालिकासंग सम्झौता नगरी कार्यक्रम संचालन गरेको र संस्थाहरूको योजना तथा कार्यक्रमलाई स्थानीय तहले आफ्नो योजना, कार्यक्रम तथा बजेटमा समेत समावेश गरेको देखिएन । पालिकाले आफ्नो योजनामा उक्त कार्यक्रमहरु समावेश नगर्दा कार्यक्रमको दोहोरोपना हुने देखिन्छ । त्यसैगरी, संस्थाहरुबाट कार्यक्रमको प्रगति प्रतिवेदन पनि लिने गरेको देखिएन । तसर्थ, आगामी दिनमा पालिकाले गैरसरकारी संस्थाहरूको योजना तथा कार्यक्रमलाई आफ्नो बजेटमा समावेश गरी स्वीकृति दिनुको साथै संचालित कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१४ **विल भरपाई पेस नभएको**

पालिकाले मातहत रुपमा सञ्चालित निम्नानुसारका सामूदायमा आधारित बालविकास केन्द्रहरुलाई विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सर्शत अनुदान तर्फ कार्यक्रम कार्यान्वयन पुस्तिका आ. वा. २०८१-०८२ को क्रियाकलाप नं. २७१११ (दिवा खाजा) बापतको निकासा भएको रकमको निकासा भएकोमा लेखा परिक्षण आवधि सम्मा समेत विल भरपाई तथा वितरण गरेको भरपाई पेस नगरेको देखिएकोले विल भरपाई पेस गर्नुपर्ने रु.

| क्र. सं. | बालविकासकेन्द्रको नाम | दिवा खाजा ९० दिनक्रियाकलाप नं २७१११ | विद्यार्थीसंख्या |
|---|---|---|---|
| १ | तिलकराम चेतना बालविकास केन्द्र, कपियवा | ३१०५० | २३ |
| २ | रामअवतार बालविकास केन्द्र, अरौराकोट | ३३७५० | २५ |
| ३ | सगरमाथाबालविकास केन्द्र , रामतलहा | ५९४०० | ४४ |
| ४ | सुर्योदयबालविकास केन्द्र, लम्तिया | ५२६५० | ३९ |
| ४ | सुर्योदयबालविकास केन्द्र, दुर्गा मन्दिर | ३२४०० | २४ |
| ६ | दिव्यज्योतिबालविकास केन्द्र , कुदान | ३२४०० | २४ |
| ७ | शान्तिबालविकास केन्द्र, सानो सडवा | २७००० | २० |
| ८ | ओमबालविकास केन्द्र, कुवा नगर | ४४५५० | ३३ |
| ९ | सरस्वतीबालविकास केन्द्र, औरहिया | ३१०५० | २३ |
| १० | फौजदारवालविकास केन्द्र, निग्लिहवा | २८३५० | २१ |
| ११ | जनचेतनाबालविकास केन्द्र, बैरेनी कुश्मा | ३६४५० | २७ |
| १२ | प्रतिभाबालविकास केन्द्र, हरनामपुर | २८३५० | २१ |
| १३ | जागृतिबालविकास केन्द्र, हरनामपुर | ३५१०० | २६ |
| १४ | सरस्वतीबालविकास केन्द्र, राजकुलो | २८३५० | २१ |
| १५ | गौतमबुद्धबालविकास केन्द्र, तिलौरी | २१६०० | १६ |
| १६ | तिलौराकोटबालविकास केन्द्र , तिलौरी | १६२०० | १२ |
| १७ | गौतमबुद्धबालविकास केन्द्र , तेनुवा | ३१०५० | २३ |
| | | ५६९७०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६९,७०० |

१५ **राजश्व तालिम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च विल भरपाई संलग्न गर्ने र सो को औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले राजश्व सम्वन्धी तालिम संचालन गरेको भनी गो भौ नं १०५८।०८२।३।१८ बाट योगेन्द्र नाथ शुक्लालाई रु १३४००० भुक्तानी भएकोमा राजश्व शाखाका कर्मचारीलाई तालिम दिनको लागि २ जना प्रशिक्षकले तालिम संचालन गरको भनी २ दिनको यातायात खर्च बापत रु २००० र ४ वटा कक्षाको प्रति कक्षा रु १५०० का दरले रु ६००० गरी ८००० भुक्तानी भएको ४ कक्षाको कार्यपत्र पेश गर्नुपर्ने साथै प्रशिक्षण सम्वन्धी प्रमाण पत्र पेश गर्नुपर्दछ।

१६ **तिलौराकोट गोल्डकप फुटवल** (३४।०८२।१।१०-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यसलाई पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले दोस्रो मुख्यमन्त्री कपिलवस्तु(तिलौराकोट) गोल्डकप २०८१ को लागि कपिलवस्तु जिल्ला फूटवल संघलाई मिति २०८१।११।१४ देखि ११।२१ सम्म कार्यक्रम सञ्चालन गर्नको लागि रु.३ लाख भुक्तानी भएकोमा सो कार्यक्रमको लागत अनुमान तथा पालिकाले कुन कार्यको लागि रकम भुक्तानी दिएको सो कुरालाई प्रमाण गर्ने आवश्यक प्रमाण बेगर भुक्तानी भएकोले सम्झौता अनुसार उक्त रकम संघले आय व्ययमा समावेश गरेको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

१७ **वडा नं. ५ क्यम्प्युटर तालिम** (१२२८।२०८२।३।२५-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली, २०७७ को नियम ३९ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम भुक्तानी गर्दा प्रमाण कागजात संलग्न गरी त्यसको औचित्वको अधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. ५ कम्प्यूटर तालिम सञ्चालन गरे बापत श्री सिद्धार्थ कम्प्यूटरलाई रु. ३ लाख भुक्तानी गरेको देखियो । देखियो । तालिममा ६० दिनको लागि विभिन्न विषयवस्तुका हेन्डआउट पेस नगरिकनै भुक्तानी गरेको तथा ४४ जना प्रशिक्षार्थीहरु छनौट गरि तालिम प्रदान गरेकोमा विद्यार्थी छनौटको आधार समेत स्पष्ट देखिएन । पालिकाले उहि अवधिको कम्प्यूटर तालिमवडा नं. १ मा रु. १ लाख ५० हजारमा कार्यक्रम सञ्चालन भएकोमा सोहि प्रकृतिको कार्यक्रम रु. ३ लाखमा सञ्चालन गरी रु. १ लाख ५० हजार बढी भुक्तानी दिएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

१८ **एच. आई. एड्स तथा लागु औषधि सम्बन्धी कार्यक्रम** (१२२६|०८२।०३।२५-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली, २०७७ को नियम ३९ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम भुक्तानी गर्दा प्रमाण कागजात संलग्न गरी त्यसको औचित्वको अधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले वडा नं. ३ मा एच. आई. एड्स तथा लागू औषधी सम्बन्धी कार्यक्रम सञ्चालन गरे वापत सञ्जिवनी नेपाललाई रु. ९८ हजार भुक्तानी भएको देखियो । पालिकाले यस कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षक हेमराज गिरी र प्रकाश घिमिरेलाई प्रशिक्षक भत्ता रु.१०९६० भुक्तानी भएकोमा प्रशिक्षकको प्रमाण संलग्न गरी भुक्तानी गर्नुपर्दछ ।

१९ **तालिम कार्यक्रम संचालन**

आर्थिक कार्यविधी तथा वित्तियउत्तरदयित्व नियमवली २०७७ को नियम ३९ अनुसार सरकारी निकायले मितावेई तरिकाले रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पालिका र मतहतका विभिन्न वडा बाट २१३ वटा तालिम संचालन गर्नको लागि २ करोड ५८ लाख ५२ हजार विनियोजन गरेकोमा १२६ वटा कार्यक्रम संचालन गरी रु १ करोड ३३ लाख ४५ हजार भुक्तानी गरेकोमा आर्थिक नियमवली अनुसार तालिम कार्यलाई बर्षिक कार्यक्रम संचालित योजन तयार गरी सोहि अनुसार प्यकेजिङ्ग गरी मितब्ययी रुपमा कार्यक्रम संचालन गर्नुपर्ने गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२० **रकम भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदयित्व नियमवली २०७७ को नियम ४१ (ख) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक करोबर प्रचालित कानुन बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण तोकिएको शुनिश्चित गरी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले बाणगंगा नगरपालिकालाई छाडा पशु चौपय व्यवस्थापनको लागि ट्रस्ट निर्माण र आहार व्यवस्थान र हेरालु व्यवस्थापनको लागि भनि निम्ननुसारको भएकोमा उक्त रकम कुन कुन काममा के कति खर्च भएको हो सो को यकिन नगरिकनै भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानी कार्यलाई प्रमाणित गर्ने प्रमाण पेस गर्न लगाई खर्च लेखुपर्दछ।

| क्र.सं. | गो. भौ. नं. रमिति | प्राप्त कार्ता | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४७३|०८२|०३|२५ | बाणगंगा ना. पा. गा२.७ विविध खर्च | ४७२५६३.५७ |
| २ | १२९६|२०८२|०३|२५ | बाणगंगा ना. पा. गा२.७ विविध खर्च | २००००० |
| ३ | १५१|२०८२|०१|११ | बाणगंगा ना. पा. गा२.७ विविध खर्च | १५००००० |
| ४ | ६१४|०८२|०१|११ | बाणगंगा ना. पा. गा२.७ विविध खर्च | ६६८००० |
| | | जम्मा | २८४०५६३.५७ |

२१ **बढी भुक्तानी**

पालिकाको कार्यसंचालन निर्देशिका, २०८१ मा पालिकाबाट संचालन हुने छोटो अवधिको तालिमको समयवधी कम्तिमा ९० घण्टाको हुनुपर्ने उल्लेख छ । पालिकाले ४० जना सहभागीलाई १५ दिनको प्रतिदिन ६ घण्टाको दरले ९० घण्टाको व्युटिपार्लर तालिम संचालन गर्न प्रति व्यक्ति रू. ४९५० लागतमा सायरा हस्तकला केन्द्र(६१६७३३०२४) सँग सम्झौता भएको र सम्झौता अनुसार एकमुष्ट रु. १९८००० भुक्तानी गरेको छ । सायरा हस्तकला केन्द्र(६१६७३३०२४) उक्त तालिम कार्यक्रम प्रति दिन ५ घण्टाको दरले ७५ घण्टा मात्रै संचालन गरेको भनि प्रतिवेदन पेश गरेको छ । तसर्थ, सम्झौता भन्दा १५ घण्टा कम तालिम संचालन भएको देखिएकोले कार्य भन्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,००० |

२२ **लेखापरीक्षण प्रतिवेदन** (संघीय शसर्त कार्यक्रम-):

शिक्षा नियमावली, २०५९ को नियम १७१ मा सामुदायिक विद्यालयको लेखापरीक्षक नियुक्ती गरी लेखापरीक्षण गराउने व्यवस्था छ । शिक्षा युवा तथा खेलकुद विकास शाखा सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखियो । शिक्षा, विज्ञान, प्रविधि मन्त्रालयको कार्यक्रम कार्यन्वयन निर्देशिका २०८०।८१ मा प्रति विधार्थी अनुदान दिने व्यवस्था छ । उक्त माध्यमिक विद्यालयका लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा विद्यालयलाई निकासा गरेको सर्शत र पालिकाको स्रोत सालबसाली रुपमा खर्च गर्नु पर्ने रकम खर्च नगरी विद्यालयको खाता राखेको देखिएकोले खर्च नभएको रकम विद्यालयबाट असुल गर्नु पर्ने रु.

| विद्यालयको नाम | अनुदानको शिर्षक | अनुदान रकम | खर्च रकम | बचत रकम |
|---|---|---|---|---|
| मदरसा सुन्नत ए इस्लामिया शिव आधारभुत | शिक्षक बा. वि. केन्द्र अनुदान | १४६८००० | १४२५९९९ | ४२००१ |
| मदरसा सुन्नत ए इस्लामिया शिव आधारभुत | पाठ्यपुस्तक अनुदान | ७२४६७ | ० | ७२४६७ |
| मदरसा सुन्नत ए इस्लामिया शिव आधारभुत | दिवा खाजा अनुदान | २८६२०० | ० | २८६२०० |
| मदरसा सुन्नत ए इस्लामिया शिव आधारभुत | क्षत्रवृति अनुदान | ४०६०० | | ४०६०० |
| मदरसा सुन्नत ए इस्लामिया शिव आधारभुत | इन्टरनेट | १२००० | ० | १२००० |
| श्री पार्वती आधारभूत वि. | क्षात्रवृति अनुदान | ५०४०० | ४०००० | १०४०० |
| श्री बुद्ध पद्म मा. वि. | खुला विद्यालय | १५२००० | ७४७४० | ७७२६० |
| श्री कोटिग्राम मा. वि. | ईन्टरनेट | १२००० | ९५०० | २५०० |
| श्री माध्यमिक विद्यालय कुस्मा | क्षात्रवृती | ३८२०० | ३६२०० | २००० |
| श्री माध्यमिक विद्यालय कुस्मा | दिवाखाजा | २०९२५९ | १९१२५९ | १८००० |
| श्री राम जानकी आधारभूत वि. | छात्रवृति | ६३४०० | ३८८०० | २४६०० |
| श्री राम जानकी आधारभूत वि. | पठ्यपुस्तक | ९८७०० | ९४०६८.८ | ४६३१.२ |
| श्री आधारभूत विद्यालय, पिपरहवा | छात्रवृती | ४५४०० | ३५००० | १०४०० |
| श्री आधारभूत विद्यालय, पिपरहवा | इन्टरनेट | १२००० | ८५०० | ३५०० |
| श्री आधारभूत विद्यालय, पिपरहवा | दिवा खाजा | ४१९२३० | ३९०८१० | २८४२० |
| श्री गौतम बुद्ध आधारभूत विद्यालय, सडवा | छात्रवृती | ५१००० | ४७८०० | ३२०० |
| श्री गौतम बुद्ध आधारभूत विद्यालय, सडवा | दिवाखाता | ४३५८०० | ४०४२६५ | ३१५३५ |
| श्री प्राथमिक विद्यालय तौलिहवा | पाठ्यपुस्तक | ५५०२१ | ४९०५२ | ५९७९ |
| श्री प्राथमिक विद्यालय तौलिहवा | दिवा खाजा | ३१६१५५ | ३०७२९० | ८८६५ |
| श्री शिवनाथ आधारभुत विद्यालय | दिवाखाजा अनुदान | २२९८४४ | २१३५९० | १६२५४ |
| श्री राधाचन्द्र आ. वि. जमोहरा | दिवा खाजा (आ. ले. पा. फिर्ता) | ३६६८१० | ३२४२७० | ४२५४० |
| श्री राष्ट्रिय मा. वि. विकुली | छात्रवृती | ६१००० | ५३८०० | ७२०० |
| श्री जनता आधारभूत वि. ६ | छात्रवृती (४४०० फिर्ता) | १८४०० | १४००० | ४४०० |
| श्री विश्वमैत्री आधारभुत वि. | दिवा खाजा (फिर्ता) | ३९१०५० | ३६८२२० | २२८३० |
| श्री मदरसा अनाबरुल उलुम | दिवा खाजा अनुदान (फिर्ता) | २०९१०० | १९३७७० | १५३३० |
| श्री आधारभुत वि. सानो बरगदवा | छात्रवृती (फिर्ता) | ३०४०० | २२८०० | ७६०० |
| श्री लम्बुसागर आधारभुत वि. | छात्रवृती (फिर्ता) | २२६०० | १९००० | ३६०० |
| श्री महेन्द्र आधारभुत वि. | छात्रवृती (फिर्ता) | ५१२०० | ४५६०० | ५६०० |
| श्री महेन्द्र आधारभुत वि. ६ | स्वयमसेवक शिक्षक तलब | १०६५००० | १०५४३५० | १०७५० |
| श्री महेन्द्र आधारभुत वि. ६ | छात्रवृती | ८१८०० | ७९००० | २८०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| श्री महेन्द्र आधारभुत वि. ६ | दिवा खाजा | ४२४३५० | ४२१९६५ | २३८५ |
| श्री रामदेव आधारभुत वि. | दिवा खाजा (८१९५ फिर्ता) | २१०५०० | २०२५०० | ८००० |
| | | | | ८३३८४७.2 |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७७,३७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३३,८४७.२ |

## २३ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ७७ मा हिमाली क्षेत्रको सामुदायिक विद्यालयमा सामान्यतया प्रत्येक कक्षामा ५० जना विद्यार्थि हुनुपर्ने व्यवस्था रहेको छ।पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात ३० भन्दा कम देखिन्छ।त्यसकारण पालिकाले विद्यालय आपसमा गाभेर गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा सुधार गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २४ विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढीकरण एंव कार्यसम्पादन आधारित प्रोत्साहन

पालिकाले क्रियाकलाप नं २.७.१३.१३ मा कक्षा १ देखि ३ सम्म पढाई तथा गणित क्षेत्रका थप सिकाई सामाग्री छपाई तथा वितरण कार्यक्रमको लागि प्रति विद्यालय रु ९००० का दरले वितरण गर्दा कार्यविधि अनुसार विद्यालयलाई अनुदान दिनुपर्नेमा पालिकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र को मिति २०८१।६।३० को निर्देशन अनुसार भाषा सम्वन्धी १५ वटा र गणित क्षेत्रका ३ वटा सिकाई सामाग्री गरी १८ वटा पुस्तक छपाई गरी विद्यालयलाई हस्तान्तरण गरेकोमा उक्त पुस्तकको अवस्था कुन रुपमा रहेको साथै त्यसको उपयोगिता को अवस्था साथै जिन्सी दाखिला विद्यालयले पेश नगरेको हुदा उक्त विद्यालयले पुस्तक जिन्सी दाखिला गरेको प्रमाण तथा पुस्तकको यथार्थ अवस्था तथा उक्त पुस्तक अध्यापनबाट विद्यार्थीमा भएको सिकाइको उपलब्धि खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,००० |

## २५ कन्टिन्जेन्सी रकम बढी खर्च

सार्वजनिक खरिद नियमवली, २०६४ को अनुसूची १ मा उल्लेख भएको निर्माण कार्यको लागत अनुमनको ढाचाँमा वर्क चर्ज स्टफ खर्च र सानातिन अन्य खर्चको लागि जुन प्रतिशतमा रकम समावेश गरि लागत अनुमान समावेश गरी पालिकाले लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले लागत अनुमान तयार गर्दा २ प्रतिशत मात्र कन्टिन्जिन्सी रकमको व्यवस्था गरेकोमा भुक्तानी दिदा सो भन्दा बढी खर्च लेखेको देखिएकोले पालिकाले निम्नुसार संघिय तथा प्रदेश शशर्त, समपूरक बजेट शिर्षकमा कन्टिन्जेन्सी वापत कुल खर्चको २ प्रतिशत भन्दा बढि रकम खर्च गरेको देखिएकोले उक्त रकम सम्बन्धित (संघिय/ प्रदेश) संचित कोषमा फिर्ता पठाउने रु.

| तह | कर्यक्रमको नाम | कुल बजेट (रु.) | कुल खर्च (भ्याट बाहेक) (रु.) | लागत अनुमान अनुसर हुनपर्ने कन्टिन्जेन्सी खर्च(रु.) | भएको कन्टिन्जेन्सी खर्च (रु.) | बढि कन्टिन्जेन्सी खर्च (रु.) |
|---|---|---|---|---|---|---|
| संघ | स्थानियको साझेदारीमा विद्यालय भवन निर्माण | १ करोड ३९ लाख | ७६१४४५० | १५२२९० | ४०१९५० | २४९६६० |
| संघ | सहिद स्मृति प्रतिस्ठान भवन निर्माण | ५० लाख | २६९८०११ | ५३९६० | ७२३०६ | १८३४६ |
| संघ | रामघटमा शिवधामा निर्माण | ९० लाख | ६०५८८७० | १२११८० | २२४३४१ | १०३१६१ |
| संघ | कालिकामाई मन्दिर तथा पोखरीको डिलमा धर्माशाला निर्माण | ९० लाख | ४१६०९५५ | ८३२२० | १८९६१४ | १०६३९४ |
| संघ | अनन्दबाग सिकोटवा मालपरवा सडक | १ करोड २० लाख | ५६६३७२० | ११३००० | २४०००० | १२७००० |
| प्रदेश | मदन अस्रित स्मृति भवन निर्माण | १०५ हजार | २६७८२१० | ५३५०० | | |
| प्रदेश | अरौराकोट नरायानापुर पर्सिया सडक | ५० लाख | २७१९८२० | ५४४०० | १६७०५४ | ११२६५४ |
| प्रदेश | जगदिशपुर जलैया सडक | ५५ लाख | ३०५३९८२ | ६१०८० | १२२६०५ | ६१५२५ |
| **जम्मा** | | | | **६०९२६३०** | **१४१७८८७०** | **७७८७४०** |

| प्रमाण पेश नगरेको | ७,७८,७४० |
|---|---|

## २६ रोजगारी सिर्जना कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम पालिका अन्तर्गत १२ वडामा २० वटा योजना सञ्चालन गरी यस वर्ष महिला र पुरुष गरी जना सूचीकृत भएकोमा ४८ महिला र १८ पुरुष गरी जम्मा ६६ जनालाई औसत ८५.४६ रोजगारी दिन रोजगारी उपलव्ध गराई रु. ३७ लाख ६७ हजार ५८५ श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## २७ नाली सफा गर्ने कार्य

पालिकाले रोजगारी श्रजना अन्तर्गतको बजेटबाट नाली सफा गर्ने कार्यमा अंधिकाश रकम खर्च गरेको छ। एकातिर पालिकाले नगर सरसफाई बापर्त वार्षिक रुपमा १ करोड भन्दा बढी खर्च गरिरहेको अवस्थामा पुन: सोहि प्रकृतिको नाली सफा गरेको भनी प्रधानमन्त्री रोजगारी श्रजना कार्यक्रमबाट रकम खर्च गरी दोहोरो खर्च हुने गरी रकम खर्च गरेको देखिएकोले यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

## २८ भरपाई नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो भौ नं २८२।०८२।३।२४ बाट दिवा खाजा बापत अहले सुन्नत नइमुल अलुम लाई रु १७५५००, जामिया फारुकिया निदायक हक लाई रु. ११४०००, मदरसा अहले सुन्नत रजा ऐ मुस्तफालाई रु.५२५००, मदरसा दारे ऐताम उम्म् अहमदलाई रु ३७५००, मदरसा फैजुल उलुमलाई रु २१४५०० गरी रु ५९४००० र श्री कोटिग्राम मा वि लाई आधारभुत तह अग्रेजी, गणित र विज्ञान विषयमा सहयोग बापत रु.४५१४९० भुक्तानी भएकोमा दिवा खाजा कार्यक्रम बातको भरपाई पेश नभएको साथै मा.विले कुन शिक्षकलाई कति महिनाको तलव भत्ता भुक्तानी भएको हो सो को प्रमाण लेखापरीक्षण अवधिसम्म समेत पेश नभएको हुदा उक्त भुक्तानी रकम खर्च गरेको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १६,३९,४९० |
|---|---|

## २९ दोहोरो खर्च

कार्यालयले रोजगारी सृजना कार्यक्रम अन्तर्गत १४ वटा वडामा कार्यक्रम संचालन गर्दा नाली सफा गर्ने कार्यको लागी लागत अनुमान तयार गर्दा झाडी सफा गर्ने र सोहि च्यानेजमा खन्ने गरी लागत अनुमान तयार गरी रकम भुक्तानी गरेको देखियो। खन्ने कार्यको लागि सिधै सफा गर्ने तया खन्ने कार्यलाई एकमुष्ट रुपमा राखी लागत अनुमान तयार गर्नुपर्नेमा सो आइटमलाई दोहोरो देखाई बढी रकम खर्च भएको हुदा कार्यक्रमको उद्देश्य अनुरुप न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने लक्ष्य पुरा नहुने हुदा लागत अनुमान तयार गरी यथार्थपरक ढङ्गबाट लागत अनुमान तयार गरी निर्माण कार्यलाई मितव्ययी बनाउनुपर्दछ।

३० **राजश्व सफ्टवयर प्रणाली**

महालेखा नियन्त्रक कार्यालयको मिति २०८१।४।२३ को निर्णय तथा पत्राचार अनुसार अनिवार्य सूत्र(SUTRA) बाट राजश्व प्रणाली लागू गर्नुपर्नेमा नगरपालिकाले राजश्व सफ्टवयर संचालन गरेको भनी बिना प्रमाण कागजात तथा सम्झौता बेगर गो भौ नं ४०।०८१।६।२२ बाट शाग्रिला इन्फोसिस प्रा लि लाई रु ३ लाख ३१ हजार भुक्तानी भएको देखिएकोले सुत्र प्रयोग गरि राजश्व संकलन भइरहेको अवस्थामा अर्को प्रणाली प्रयोग गरेको भनी विना प्रमाण कागजात रकम भुक्तानी भएको देखिएकोले उक्त भुक्तानीको औचित्य नदेखिएकोले यस कार्यमा सुधार गर्नुपर्दछ।

३१ **मोटर पम्प खरिद** ( ११/२०८२/०३/३०-):

पालिकाले प्रदेश सरकार हस्तन्त्रित कार्यक्रम (कृषि यन्त्रिकरण) को लागि रु १० लाख विनियोजन गरेकोमा सम्बन्धित लाभग्रहिको लगत सझेदारीमा नब्बे थान २ हर्ष पावरको मोटर वितरणको लागि प्रति थान रु ११५०० दरले रु ११८३११५० को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु १२९२५०५.३ कवोल गर्ने सिद्दबाबा हार्डवयर प्रा. लि. ले १ वर्षको प्रत्याभूति अवधि भएका नब्बे थान मोटर मिति २०८२/०१/१० भित्र आपूर्ति गर्ने गरी २०८१/१२/१० मा सम्झौता गरी कार्यदिश दिएकोमा बाट रु. ६२९०९५ भुक्तनी भएको देखियो । कार्यायले ९० थान मोटरको १ वर्षको प्रत्याभुति भएकोमा सो को वारेन्टी कार्डको व्यवस्थित गरी अभिलेख राखेको देखिएन । पालिकाले ९० थान मोटर खरिद गरी वितरण गरेकोमा उक्त कार्यको लागि छनौट गरेको आधार पेश गर्नुपर्ने तथा अनुदान प्राप्त सामानको प्रयोग भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३२ **सम्झौता भन्दा बढी भुक्तानी** (२५।२०८२-०२-२३-):

पालिकाको कार्यसंचालन निर्देशिका, २०८१ मा पालिकाबाट संचालनबाट किशोरी अधिकार मञ्चको आयोजनामा मिति २०८२-०२-४ देखि २०८२ -०२-१० सम्म भएको ७ दिने किशोरीहरूको लागी आत्मरक्षा तालिममा प्रशिक्षक श्री दत्त प्रसाद चौधरीलाई प्रतिदिन २ वटा सेसनको प्रति सेसन १००० को दरले दिनको १४००० दिने गरी सम्झौता गरेको देखियो । सम्झौता विपरित प्रशिक्षक श्री दत्त प्रसाद चौधरीलाई रू. १४००० सहित थप रू. ३५०० यातायात वापत समेत गरी १७५०० भुक्तानी गरेको देखियो । तसर्थ, सम्झौता तथा कार्यसंचालन निर्देशिका, २०८१ वितरीत बढी भुक्तानी भएको रकम रू. ३५०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५०० |

३३ **नाफामुलक संस्थालाइ सामाग्री वितरण**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६ मा वितरणमूखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। तसर्थ, नाफा कमाउने उद्देश्यले स्थापित संस्थाको लागि लगानी गर्न तथा ती संस्थाहरु मार्फत काम गराउन एवं संस्थाहरुलाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन। पालिकाले देहायका नाफामुलक संस्थाहरुलाई पुँजिगत सम्पत्ति वितरण गरी खर्च गरेको अनियमित भएको रु.

| भौ.न. | कार्यालय। संस्था | मालसामनको नाम | रकम |
|---|---|---|---|
| २५१।२०८२।०३।०१ | आर्य वचत सहकारी संस्था | डेस्कटप कम्पुटर-१, अफिस टेवल- १ | ६०००० |
| २७७।२०८२-०३-०८ | सनलाईट सामाजिक विकास केन्द्र | ल्यापटप- थान १ | ११४१३० |
| | | | १७४१३० |

| | |
|---|---|
| अनियमित भएको | १,७४,१३० |

३४ **विल भरपाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकारप्राप्त अधिकारीद्वारा स्वीकृत गराई राखु पर्ने उल्लेख छ । पालिकाले देहायका मालसामन खरिद गरी विल भरपाई पेश नगरेकोले वितरण गरेको भरपाई पेश गर्नुपर्ने रू.

| गो.भौ.न | कार्यक्रम | खरिद परिमाण | मुल्य रू. | भरपाई नगरेको परीमाण | रकम |
|---|---|---|---|---|---|
| ७६-२०८२।०३।१५ | डस्टविन खरिद तथा वितरण | ५० | १५०० (प्रति थान) | २१ | ३१५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,५०० |

३५ **महिला स्वास्थ्य स्वयसेविकालाई दराज वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ४१(६) मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन र सम्पत्तिको समुचित उपयोग भए नभएको यकिन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा रू. ८८४९ को दरले रू. ११९९९२.४४ खर्च गरी १२ वटा दराज खरिद गरी वडा न. २ कार्यालयमा कार्यरत १२ जना महिला स्वास्थ्य स्वमसेविकालाई व्यक्तिगत प्रयोजनको लागि दराज वितरण गरेको देखियो । पालिकाले आगामी दिनमा यस्ता वितरणमूखी कार्यक्रमलाई न्युनिकरण गर्दै सार्वजनिक स्रोत खर्च गर्दा मितव्ययी ढंगले गर्नुपर्दछ ।

३६ **सम्झौता अनुसारको कार्य नभएको**

स्थानीय पाठ्यपुस्तक कक्षा १-५ लेखन व्यवस्थापन कार्यक्रमअन्तर्गत हाम्रो कपिसवस्तु किताब निर्माण गर्न मिति 2 September 2024 मा नगरपालिका र काठमाण्डौ विश्वविद्यालय विच भएको सम्झौता अनुसार ५ लाख रूपैयामा विश्वविध्यालयलाई उपलब्ध गराउने र विश्वविद्यालयले जनवरी, २०२५ सम्ममा किताबको Hard copy र Soft Copy उपलब्ध गराईसक्नुपर्ने व्यवस्था छ ।सम्झौता अनुसार नगरपालिकाले पहिलो किस्ता वापत गो.भौ.न. ५।२०८१।०७।०८ बाट रू.२५०००० र दोस्रो किस्ता वापत गो.भौ.न.६८।२०८२।०३।२५ बाट रू. १५०००० गरी जम्मा रू. ४००००० भुक्तानी गरेको देखियो । लेखापरीक्षणको अवधिसम्म पनि विश्वविद्यालयले उक्त किताबको Hard copy तथा Soft copy पालिकालाई उपलब्ध गराएको देखिएन। तसर्थ, पालिकाले सम्झौता अनुसार समयमा नै कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३७ **बढी भुक्तानी** (५५।२०८२-०३-१५-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकारप्राप्त अधिकारीद्वारा स्वीकृत गराई राखु पर्ने उल्लेख छ । साथै सोही नियमको उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले मिति २०८१।०८।१८ गतेदेखि २१ गतेसम्म जम्मा ४ दिनसम्म संचालित राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता कार्यक्रम पुरस्कार, खेलकुद सामाग्री,खाजा खाना, प्रशिक्षक तथा स्वयमसेवाक भुक्तानी वापत रू. ६२२७४२८ भुक्तानी गरेको देखियो । पालिकाले देहायको प्राविधिक तथा प्रशिक्षकलाई ४ दिनको कार्यक्रममा ५ दिनको भुक्तानी दिएकोले १ दिनको बढी भुक्तानी भएको रकम निजहरूबाट असुल गरी दाखीला गर्नुपर्ने रू.

| **भुक्तानी पाउनेको नाम** | **भुक्तानी भएको रकम** | **भुक्तानी हुनुपर्ने रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|
| सहायक प्राविधिक हरि शंकर लाल श्रीवास्तव | ८५०० | ६८०० | १७०० |
| सहायक प्राविधिक दिपुसुदन श्रेष्ठ | ८५०० | ६८०० | १७०० |
| विश्वेन्द्र सिंह रावल | १२७५० | १०२०० | २५५० |
| प्राविधिक राजु श्रेष्ठ | १२७५० | १०२०० | २५५० |
| प्राविधिक मनिष कार्की | १२७५० | १०२०० | २५५० |
| प्राविधिक अन्तना न्यौपाने | १२७५० | १०२०० | २५५० |
| प्राविधिक संचय मल्ल | १२७५० | १०२०० | २५५० |
| प्राविधिक अजय प्रकाश यादव | १२७५० | १०२०० | २५५० |
| राजेन्द्र प्रताप शाक्य | १२७५० | १०२०० | २५५० |
| **जम्मा** | | | **२१२५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,२५० |

३८ **बिल भरपाई बिना भुक्तानी** (४८।२०८२-०३-०३ -):

बिल भरपाई बिना भुक्तानी- कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकारप्राप्त अधिकारीद्वारा स्वीकृत गराई राखु पर्ने उल्लेख छ । पालिकाले सामुदायीक, संस्थागत विद्यालय र मदरसालाई IEMIS को तालिम सञ्चालन गर्ने मिति २०८२-०१-१७ गते सूचना माग गरी प्रस्ताव माग गरेकोमा प्राप्त प्रस्ताव मध्ये कम प्रस्ताव पेश गर्ने श्री माईक्रोटेक ट्रेनिङ एकेडेमी प्रा.लि( ६०२४२७४०५) संग मिति २०८२।०२।०५ गते तालिम सम्झौता गरी ३ दिने तालिम सञ्चालन गरे बापत पालिकाले एकमुष्ट रु.३६८५०७ माईक्रोटेक ट्रेनिङ एकेडेमी प्रा.लि( ६०२४२७४०५) लाई भुक्तानी गरेको देखियो । पालिकाले IEMIS को तालिम आन्तरिक प्रशिक्षकबाट गर्न सकिनेमा सेवा प्रदायकसँग उक्त प्रणालीको बारेमा

ज्ञान समेत नभएकोसँग खरिद गरेको देखियो । लेखापरीक्षणको समयसम्म माइक्रोटेक ट्रेनिङ एकेडेमी प्रा.लि (६०२४२७४०५) ले पेश गरेको कार्यक्रमको प्रस्ताव उपलब्ध हुन सकेन । पालिकाले IEMIS को तालिम आन्तरिक प्रशिक्षकबाट नगरी IEMIS को प्राविधिक ज्ञान नभएका बाहिरी प्रशिक्षकबाट गरि भुक्तानी गरेको अनियमित भएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ३,५८,५०७ |

३९ **खर्चको प्रकृति :**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिका चालु अन्तर्गत देहायका कृषि तथा पशु सम्बन्धी सामान खरिद गरी कृषकहरूलाई विभिन्न सामाग्री वितरणमा खर्च लेखेको छ। पालिकाले हाल सम्म कृषि तथा पशु कार्यक्रम संचालन सम्बन्धी कार्यविधि निर्माण गरेको समेतदेखिएन । पालिकाले कार्यविधि तयार गरी वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविक आवश्यकता र मागमा आधारित भई पारदर्शी तवरले वितरण गर्नुका साथैयस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।पालिकाबाट यस्ता प्रकृतिका कार्यमा खर्च गरेका केही उदाहरणहरु निम्न छन् ।

| भौ.न | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| २-२०८१-११-०१ | हिउँदेवर्षिम घाँसको विऊ वितरण कार्यक्रम | १९९८८१ |
| ३-२०८१-११-०२ | पशुस्वास्थ सेवाका लागि पशुपंछी औषधी खरिद तथा वितरण | ४८३७९८ |
| ६-२०८२-०१-०८ | टियोसेन्टीघाँसको विऊ खरिद तथा वितरण | १४५००० |
| १४-२०८२-०३-१३ | माछामाभुरा वितरण कार्यक्रम | १४९६१९ |
| ५।२०८१-११-१८ | बालीसंरक्षण कार्यक्रम- insecticides, pesticides , herbicides, fungicides खरिद तथावितरण | ४,०३,७५७ |
| ६।२०८१-११-२२ | तरकारी विउवितरण कार्यक्रम | ४३८३६० |
| ७।२०८१-१२-२० | तरकारीकमपोजिट बिउ खरिद तथा वितरण | १६४३२६ |
| ११,१२र १३।२०८२।०१।२३ | स्पेयरमेसिन खरिद तथा वितरण | ८८७७६७.३७ |
| १६९।२०८२।०३।२३ | कृषकहरूलाई सिचाईका लागि डेलिभरी पाईप वितरण | ३४२७९६ |

४० **स्कुटर खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ४१(६) मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन र सम्पत्तिको समुचित उपयोग भए नभएको यकिन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा वडा न. २ मा अपाङ्गताको भएका व्यक्तिलाई श्री SHREE SIDDHARTHA TRADERS(३०३४८२०७१) बाट रू. २,४९,५४३.०० मा स्कुटर खरिद वितरण गर्न मिति २०८१।०३।१८ मा खरिद गरेको देखियो । पालिकाले आफ्नो आन्तरिक श्रोतको सीमितता भएको अवस्थामा कार्यविधि बेगर व्यक्ति तोकेर खरिद गरेको देखियो । तसर्थ, आगमी दिनमा कार्यालयले यस्ता प्रकारका अनुदानमा सवारी साधन दिने कार्यमा ध्यान दिनुपर्छ ।

४१ **स्मृतिकप क्रिकेट प्रतियोगिता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकारप्राप्त अधिकारीद्वारा स्वीकृत गराई राखु पर्ने उल्लेख छ। पालिकाले सम्झौता अनुसार कपिलवस्तु क्रिकेट संघलाई २०८०।१२।०५ गते देखि ८ गतेसम्म स्मृति कप क्रिकेट प्रतियोगिता संचालन गरेता बापत रू. २४४००० भुक्तानी गरेको देखियो । सहभागी टिम संख्या, खेलको Tie-shirt, खेलाडी संख्या, खेल संख्या लगायका विवरण सहितको प्रतिवेदन विना भुक्तानी गरेको देखियो । तसर्थ, कार्यालयले आगमी दिन यस्ता कार्यक्रम संचालन र सोको भुक्तानी गर्दा खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजातको चेकजाँच गरेर मात्र दिनुपर्दछ ।

४२ **सामाजिक सुरक्षा भत्ता**

नगरपालिकामा यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा रु.३१९३८०२०० बजेट विनियोजन, निकासा तथा खर्च रू. ३१७८९८०६६, बाँकी बजेट रू.१४८२१३३.५४ र निकासा भएको मध्ये मृत्यु लगायत अन्य कारणले बैंकबाट फिर्ता भई सञ्चित कोषमा दाखिला भएको रकम सहितको श्रेस्ता परीक्षण गर्दा देहायको व्यहोरा पाईयो।

४२.१ बढी भुक्तानी- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०८२ को बुँदा २९(३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंङ्कबाट अनुसूची बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंङ्कबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरि सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१-८२ मा पालिकाबाट सामाजिक सुरक्षा भत्ता पाईरहेका देहाय लाभग्राहीहरुको मृत्युपश्चात लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाको खातामा भुक्तानी गरी सो अवधि भन्दा पछाडीको रकम फिर्ता गर्नुपर्नेमा निजहरुको हकवालालाई मृतक लाभग्राहीले पाउने भन्दा बढी रकम भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको नभएको प्रमाण पेश गर्ने अन्यथा सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| नाम | Bank Account no. | वडा | भुक्तानी रू. | पालिकाले सिफारिस गरेको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| केशरी अहिर | 0415401131875010 | वडा न. ३ | १२००० | ५५१७ | ६४८३ |
| चौधरी चहिर | 0415405196477018 | वडा न. ३ | १२००० | ९६०० | २४०० |
| तिर्था कोहर्नी | 0415401393933011 | वडा न. ३ | १२००० | ७३५५ | ४६४५ |
| हैटुल निसा | 0415401375236011 | वडा न. ३ | १२००० | ७२२६ | ४७७४ |
| कुटुरा कुर्मी | 0415401475669010 | वडा न. ३ | १२००० | १०००० | २००० |
| सुभद्रा खरारिन | 0415401135153011 | वडा न. ३ | ७९८० | ३५७७ | ४४०३ |
| लक्ष्मण बहादुर थापा क्षेत्री | 0415401711225013 | वडा न. ३ | १२००० | १०८०० | १२०० |
| रामबरव यादब | 0415401395505017 | वडा न. ३ | १२००० | ५६७७ | ६३२३ |
| | | | ९१९८० | ५९७५२ | ३२२२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,२२८ |

४२.२ लगत कट्टा- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ वमोजिम लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरि लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।

४३ **बढी भुक्तानी** (१८।२०८२-०३-२४-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्नेछ। बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकारप्राप्त अधिकारीद्वारा स्वीकृत गराई राखु पर्ने उल्लेख छ । साथै सोही नियमको उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिका र तिलौराकोट सामुदायीक अध्ययन केन्द्र विच भएको सम्झौता अनुसार केन्द्रले महिला विकास जनप्रतिनिधिहरूलाई लैंगिक हिँसा तथा प्रचलित कानूनबारे अभिमुखीकरण सम्बन्धी २ दिने कार्यक्रम संचालन गरी कार्यक्रमको विल भरपाई सहित प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । केन्द्रले आफ्नै भवनमा संचालन गरेको काममा समेत ३ दिनको भाडा रकम समेत दावी गरी करकट्टी बाहेक रू. ८१०० भुक्तानी लगेको देखिएकोले बढी भुक्तानी भएको रकम केन्द्रबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१०० |

४४ **महिला स्वास्थ्य स्वयसेविकाहरुलाई भत्ता** (११५|२०८१|१२|१६, १९१|२०८२|०३|०५-):

राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ को बुदाँ नं. ५ मा प्रोत्साहन सम्बन्धी व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष १३६ जना महिला स्वयसेविकालाई पोशाक खर्च र फागुन महिना सम्माको यातायत खर्च बापत रु. २४४८००० र चैत देखि असार सम्मको यातायत खर्च बापत रु. ५४४००० गरि जम्मा रु.२९९२००० भुक्तानी भएको देखियो। पालिकाले १३६ जना महिला स्वयमसेविकलाई नियमिति रुपमा यातायत खर्च दिईरहेको अवास्थामा नेपाल सरकार द्वारा जारी गरिएको महिला स्वयसेविकाको FCHB APP मा १३५ जनाको मात्र इन्ट्रि भएकोमा १३५ जनाको मात्र सक्रिय अवस्था देखियो । पालिकाले प्रणालीमा इन्ट्री नभएको १ जनाको रु.२२०००।- भुक्तानी दिएकोले यकिन गरी प्रविष्टि नभएको स्वयसेविका नियुक्ति र भुक्तानीको प्रमाण पेश गर्नु पर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,००० |

४५ **भू उपयोग क्षेत्र तथा विवरण अधावाधिक**

पालिकाले भू उपयोग क्षेत्र तथा बिबरण अधावाधिक कार्यको लागि भु उपयोग वर्गिकरण योजना तयार गरेको भनी गो भौ नं १९०।०८२। ३।२५ बाट रिमोट सेंसिङ्ग(आर एस) इन्जिनियरिङ्गलाई रु.१६ लाख ७९ हजार ४६२ भुक्तानी भएको देखियो। सो कार्यको लागि परामर्श दातालाई ७५ दिन भित्र कार्यसम्पन्न गर्ने गरी मिति २०८१।७।५ मा सम्झौता गरी कार्यदिश दिएकोमा निर्माण व्यवसायीले भुक्तानी लागि मिति २०८२।३।१५ मा निवेदन पेश गरेको देखिएकोले निर्माण व्यवसायी ले खरिद सम्झौता अनुमान मिति २०८१।९। २० सम्म अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा २०८२।३।१५ मा ६ महिना ढीला हुने गरी पेश गरेकोमा म्याद थप गरेको प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६७,९४६ |

४६ **नयाँ गहुँ पकेट विकास कार्यक्रम**

४६.१ (१६०।०८२।२।७-):

पालिकाले आ.व. २०८१।०८२ को नयाँ गहुँ पकेट विकास कार्यक्रम सञ्चालन गर्नको लागि नारायण कृषि सहमारी संस्था छनौट गरी मिति २०८१।०८।०७ देखि २०८२।२।१० सम्म विभिन्न १५ वटा क्रियाकलाप संचालन गर्नको लागि २० हेक्टर क्षेत्रफल भएका ५९ कृषक लाभग्राही हुने गरी रु २३ लाखको लागत अनुमान तयार गरी पालिकाको रु.१२ लाख र कृषक समुहको ११ लाख लागत साझेदारी हुने कार्यक्रम सञ्चालनको विभिन्न १८ व्यक्ति तथा पार्टी लाई रु. ८६३५७५ भुक्तानी गरेको देखियो। । गँहुको विउ खरिदको लागि रु २ लाख ७० हजार पम्प सेट खरिद ३५ थान रु ८ लाख ७५ हजार डेलिभरी पाइप खरिद ७०० मिटर रु १ लाख ७५ हजार सेक्सन पाइप खरिद ७०० फिट रु २ लाख ३ हजार चेकवल खरिद ३५ थान १० हजार स्प्रे टंकी ३५ थान १ लाख ७५ हजार सल्फर ५ क्यिन्टल रु.१ लाख विषादी रु ३ लाख र जिंक ५ क्युन्टल ५० हजार गरी रु. २२ लाख र गोवर मल खरिद रु १ लाख २५ र

तालिम तथा अनुगमन बरावर रु ८० हजार गरी सम्पूर्ण रकम खरिद तथा तालिम सञ्चालन गर्ने रहेको देखिएकोले पालिकाले सहकारी छनौट गरी एकद्धार प्रणालीबाट मितव्ययी तवरले सामग्री छनौट गरी सोको अनुगमन गर्नुपर्दछ।

४६.२ उत्पादन कार्यको स्टक प्रमाणित तथा अध्ययन प्रतिवेदन: कार्यक्रम बापत उत्पादित फसल तथा त्यसको सुद्धता परिक्षण तथा विउको परिमाण निर्धारण लगायतका कूरामा पालिकाले अनुगमन गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरेकोले कार्यक्रम प्रभावकारी भए नभएको यकिन गर्न नसकिने हुदा यस कार्यमा सुधा गर्नुपर्दछ र कार्यक्रमको प्रभावकारी विश्लेषण गर्ने प्रतिवेदन पेश गर्नुपर्दछ।

४६.३ तालिम संचालन: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक निकायले प्रमाण कागजातको आधारमा सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले मिति २०८१।१२।८ र ९ गते गहूँ खेति तालिम संचालन गरेको भनी ३ जना प्रशिक्षक भगवान दास गुप्ता ३ सेसन, हरि ओम खटिक ३ सेसन र राम प्रसाद खटिक लाई २ सेसनको जनही प्रति सेसन रु १००० भुक्तानी भएकोमा कार्यपत्र बेगर भुक्तानी भएको रकम रु ६८००( कर बाहेक) असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८०० |

४६.४ **अनुगमन खर्च:** लुम्बिनि प्रदेशद्धारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, 2077 अनुसार निर्वाचित पदाधिकारी तथा सदस्यले आफ्नो कार्यक्षेत्रमा अनुगमन गरे बापत अनुगमन भत्ता प्राप्त नहुने व्यवस्था रहेको छ। पालिकाले माथी उल्लेखित कार्यक्रममा अनुगमन गरे बापत मेयर उपमेयर तथा वडा अध्यक्ष रवेन्द्र प्रसाद तिवारीलाई अनुगमन बापत जनही ५ दिनको १००० को दरले १५००० अनुगमन खर्च भुक्तानी भएकोमा जनप्रतिनिधिले आफ्नो कार्यक्षेत्र भित्र अनुगमन गरे बापत भत्ता प्राप्त गर्ने कानूनी आधार नभएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

## ४७ पर्यटन निर्माण योजना

पालिकाले वडा नं. १ मा पर्यटन सम्बन्धि सम्भव्यता अध्ययन तथा पर्यटन योजन निर्माण कार्यको लागि मिति २०८२/०३/१५ मा २ प्रति अध्ययन प्रतिवेदन बुझाउने गरी मिति २०८२/०२/०१ मा सम्झौता गरि गो.भौ. नं. १२२/८२/०३/२४ बाट क्रियटिभ भिजन प्रा. लि. लाई रु. १९७१८५ भुक्तानी दिएकोमा पालिकाले हस्तकला सम्बन्धी कारोबार, चलचित्र उत्पादनको कारोबार गर्ने क्रियटिभ भिजन प्रा. लि. लाई उक्त प्रा. लि. संग भएका तोकिएको बिज्ञ जनशक्तिको यकिन नगरिकनै रकम भुक्तानी गरेको देखिएकोले विज्ञ व्यक्तिले सम्बन्धित कार्यमा कार्य गरेको विवरण पेश गर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९७,१८५ |

## ४८ प्रारम्भिक वातावरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा कुनै बिल बीजकको भुक्तानी लिनको लागि परामर्शदाताले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले प्रारम्भिक वातावरण परिक्षणका लागि अध्ययन गरे बापत रेशूङ्गा ट्रेनिङ्ग एण्ड मल्टि प्रपोज प्रा. लि. लाई गो.भौ. नं. १२२३|२०८२|०३|२४ बाट रु. ४९१७७६ भुक्तानी भएको देखियो । पालिकाले उक्त प्रा. लि. संग गरेको सम्झौताको बुदा नं. ३ अनुसार सम्झौता भए पश्चात सम्झौता रकमको ४० प्रतिशत र अन्तिम प्रतिवेदन बुझएपछि ६० प्रतिशत भुक्तानी गर्ने गरी सम्झौता भएकोमा पालिकाले डाफ्ट रिपोर्टमा छलफल गरेको प्रमाण संलग्न गरेको देखिएन । उक्त प्रतिवेदन उपर छलफल गरि कार्यान्वियन गर्नुपर्दछ । यस कार्यको लागि तयार गरेको कार्य सुचि (TOR) मा वातावरण विज्ञ (Team Leader), बनस्पती विज्ञ, सिभिल इन्जिनियर लाई क्रमश ४२,२७,२२,१२ दिनको क्रमश प्रतिदिन रु. ३२९६ र २८२५ का दरले रु. ४ लाख ९८ हजारको लागत लाग्ने गरि लागत अनुमान तयार गरी कार्यदिश विपरितको लागत अनुमान तयार गरि गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९१,७७६ |

## ४९ हेण्ड पाइप खरिद तथा वितरण र जडान

पालिकाले वडा नं ३ हेण्ड पम्प खरिद वितरण तथा जडान कार्य गरे बापत खानेपानी जडान उपभोक्ता समिति वडा नं ३ लाई कुल लागत अनुमान रु. ७२३००६ भएको योजनाको खुद कार्यसम्पन्न रु ७५२६९२ मा लागत साझेदारीबापत रु ३६१५० कटाई बाँकी रकम रु. ६८०३९१ गो भौ नं ४१५।०८२।०३।२२ बाट भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

( ४१५।०८२।०३।२२-):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा हरेक किस्ताको कामको प्राविधिक मूल्याकंन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले वडा नं ३ हेण्ड पम्प खरिद वितरण तथा जडान कार्य गरे बापत खानेपानी जडान उपभोक्ता समिति वडा नं ३ लाई कुल लागत अनुमान रु. ७२३००६ भएको योजनाको खुद कार्यसम्पन्न रु ७५२६९२ मा लागत साझेदारीबापत रु ३६१५० कटाई बाँकी रकम रु. ६८०३९१ बाट भुक्तानी भएको देखियो। उक्त कार्यको लागि चन्द्रिला पासी मिस्त्री र सुरेन्द्र यादव, विनय पासी , श्याम सुन्दर पासी, गोलु पासी र चयारन रैदास लाई १८ दिनको दैनिक रु. ९०० का दरले र अदक्ष कामदारलाई जनही ७०० का दरले १८ दिन ज्याला दिएको भनी रु.७९२०० भुक्तानी भएकोमा ३ जनाको ल्याप्चे लगाएको तथा र ३ जनाकोएकै व्यक्तिले हस्ताक्षर गरेको डोर हाजिरबाट रकम भुक्तानी भएको छ। पालिकाले यस कार्यक्रम अन्तर्गत ५५ थानको ह्यान्ड पम्प जडान बापत रु ६ लाख ८० हजार भुक्तानी भएकोमा उक्त ट्यूवेलमा सौजन्य तथा अनुदान प्राप्त भएको आर्थिक वर्ष समावेश नगरेको देखिएकोले निर्माण भएका सामाग्री यसै वर्ष भए नभएको यकिन गर्न नसकिने भएकोले सो सम्वन्धमा पालिकाले अनुगमन गरी निर्माण सम्पन्न भएको यकिन गर्नुपर्दछ। पालिकाले डोर हाजिरको सम्बन्धमा नर्मस अनुसार लाग्ने मानिस र डोर हाजिरबिच भिडान गरी पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७९,२०० |

५० **स्थानीय साझेदारीमा विद्यालय निर्माण**

पालिकाले यस वर्ष स्थानीय साझेदारीमा विद्यालय निर्माणको लागि संघबाट रु १ करोड ६५ लाख अनुदान प्राप्त भएकोमा ३ वटा विद्यालय छनौट गरी प्रति विद्यालय ५५ लाख र पालिकाको लागत साझेदारीमा ४ कोठे(शौचालयसहित) निर्माणको लागि धर्मभक्त मा वी, रत्न राज्य लक्ष्मी मा वि र राष्ट्रिय जनहित मा वि को भवन निर्माणको लागत अनुमान तयार गर्नुपर्ने प्रति विद्यालय ५५ लाखको लागत अनुमान तयारद गरी ३ वटा फरक फरक ठेक्का आव्हान गरिएकोमा प्राप्त भएकोमा पालिकाले पालिकाले सोहि हाराहारीको पिलिन्थ लेभल सम्मको संरचना निर्माण तथा पिल्लर उठाइ पहिलो तलासम्मको ढलाईको कार्यको लागत अनुमान तयार गरी कार्यदिश दिएको त्यसको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

५०.१ लागत साझेदारी: कार्यक्रम संचालन निर्देशिका २०८१ अनुसार पालिकाले समेत लागत साझेदारी गरी विद्यालय भवन निर्माण गर्नुपर्ने व्यवस्था रहेकोमा संघीय बजेट अनुसारको पहिला तलासम्मको ढलान सम्मको लागत अनुमान गरी सोहि अनुसार कार्यसम्पन्न गरी विद्यालय भवन अर्ध निर्मित अवस्थामा रहेका छन्। पालिकाले कानूनी व्यवस्था अनुसार आवश्यकताको पहिचान गरी लागत साझेदारी गरी विद्यालय भवन निर्माण गरी पठनपाठन गर्न योग्य भवन बनाई सरकारी रकमको सहि सदुपयोग गर्नुपर्दछ।

५०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीलेको ढिलाईको कारणले सम्झौताको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। विद्यालय निर्माणको निर्माण व्यवसायीसँग सम्झौता भन्दा ढिला गरेकाले म्याद थप प्रमाण पेश गर्ने अन्यथा सम्पन्न गरेकोले प्रति दिन ०.०५ का दरले कवोल अंकको पूर्वनिर्धारित क्षतिपूर्ति बापत रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं र मिति | विद्यालयको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न भएको मिति | पूर्व निर्धारित क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|
| ३१।०८२।३।२४ | राष्ट्रिय जनहित मा वी | ड्रिम विल्डर्स कन्ट्रक्सन प्रा लि | ३४५७५७२ | २०८१।११।२१ | २०८२।२।३० | ०८२।३।२४ | ४१४५० |
| ३२।०८२।३।२४ | धर्मभक्त मा वि | ड्रिम विल्डर्स कन्ट्रक्सन प्रा लि | ३५४३१३३ | २०८१।११।२१ | २०८२।२।३० | ०८२।३।२४ | ४२५१७ |
| ३०।०८२।३।२४ | रत्नराज्य मा वि | पुजा कन्ट्रक्सन | ३४५८५६६ | २०८१।११।१५ | ०८२।२।३१ | ०८२।३।२४ | ४१५०२ |
| जम्मा | | | | | | | १२५४६९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२५,४६९ |

५१ **अकबरपुर नगर देखि सौराहा करबला सम्म आर.सी.सी सडक वडा नं १२ ठेक्का नं ३६**

अकबरपुर नगर देखि सौराहा करबला सम्म आर.सी.सी सडक वडा नं १२ ठेक्का नं ३६: पालिकाले कबरपुर नगर देखि सौराहा करबला सम्म आर.सी.सी सडक निर्माण गर्नको लागि रु. ३४ लाख २६ हजारको लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु २३ लाख १३ हजार कवोल गर्ने गौरी कन्ट्रक्सन लाई मिति २०८१।८।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।७।४ मा खरिद सम्झौता गरी कार्यदिश दिएकोमा रु. २३ लाख ०६ हजार ४४९को खुद कार्य भएको आधारमा गो भौ नं ३०।०८१।११।११ बाट रु २३ लाख ०६ हजार ४४९ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

५१.१ डण्डीको बढी परिमाण भुक्तानी: Providing and laying fitting and placing HYSD bar reinforment in super-structure complete as per Drawing and Technical Specification को कार्यको १२ एम एम को डण्डी (२४०*३.५ क्षेत्रफल) को लागि ०.२५ मा स्पेसिङ्गको आधारमा ३.५ मिटर लामो डण्डी ८०० पिस डण्डी दिनुपर्नेमा ९०० थान दिएको साथै २४० मिटर डण्डी फिल्डमा १३ थान रहेकोमा १५ थानको ५२६८ के जी डण्डी भुक्तानी दिनुपर्नेमा ६००८ के जी डण्डीको भुक्तानी दिई ७४० के जी डण्डी को प्रति के जी १०० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. ७४००० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,००० |

५१.२ प्रमाण बेगर भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा उक्त रकम खर्च गर्न विल भरपाई पुगे वा नपुगेको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले माथी उल्लेखित कार्यको विना प्रमाण बोर्ड बापत रु ४००० भुक्तानी भएकोमा स्थल अनुमगन को क्रममा कुनै पनि वोर्ड नराखेको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

५२ **मु. अ. कर बापत बढी भुक्तानी रकम**

पालिकाले वडा नं. १२ को बेलभरिया नगरको चौरहा देखि शिवनाथ आ. वि. नालि निर्माण उपभोक्ता समितिलाई गौ. भै. नं. ५६|०८१|११|०६ बाट रु. ८८२००० भुक्तानी भएकोमा १० एम एम डन्डी ११० के. जि. र ८ एम एम को डन्डी ६०२ के. जि. र छाड १०७२ के. जि. को लागि लागत अनुमान तयार गर्दा प्रति के. जि. ९५ र प्रति के. जि. १२.२५ मु. अ. कर जोडेर कार्यदेश दिएकोमा उपभोक्ता समितिले माथि उल्लेखित डन्डी १० एम एम को दर रु. ८१, ८ एम एम को लागि रु ८३ र छाडको लागि रु ७९ को मात्र भ्याट विल पेस गरेकोले ३ किसिमको डन्डीको लागि मु. अ. कर बापत बढी भुक्तानी भएको रु. ३५०० र डन्डीको लागि बढि भुक्तानी भएको रु. २५९१६ गरी कुल बढि भुक्तानी भएको रु. २९४१६ असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,४१६ |

५३ **गैरसरकारी भवन निर्माण**

स्थानीय सरकार संचालन ऐन, 2074 को दफा ९७(क) मा स्थानीय तहले सरकारी ,सार्वजनिक तथा सामुदायिक सम्पतिको रेखदेख र मर्मत तथा निर्माण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सो कानूनी व्यवस्था विपरित हुने गरी गैरसरकारी संस्था विकासको लागि जनचेतना (एफोर्ड नेपाल) को भवन मर्मत गरेको भनि गो. भै. नं. १२२१|२०८२-०३-२४ बाट रु. १८२१४८ कानुन विपरित हुनेगरी भुक्तानी गरेको देखिएकोले यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

५४ **अरौराकोट नरैनापुर पर्सिया सडक वडा नं ११ प्रदेश समपुरक**

पालिकाले अरौराकोट नरैनापुर पर्सिया सडक वडा नं ११ प्रदेश समपुरक को लागि रु. ९७ लाख ४२ हजार ०३६ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु. ६४ लाख ३० हजार ७८४ कवोल गर्ने खुसी कन्ट्रक्सनले २०८२।२।३१ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।११।६ गते सम्झौता गरी हालसम्म रु. ६१ लाख ७३ हजार ३९२ हजारको कार्य भई प्रदेश समपुरक बजेट शीर्षकबाट गौ भौ नं ६ बाट रु. १८ लाख ६७ हजार २२८ र गो भौ नं १३ बाट रु १२ लाख ६ हजार १६४ गरी रु. ३० लाख ७३ हजार ३९२ र पालिकाको तर्फ बाट गो भौ नं ४५८।०८२।३।५ बाट २८ लाख भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

५४.१ न्यून अवधिको बिमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बिमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग गरेको सम्झौता अनुसार निर्माण अवधिसम्म ओगट्नगरी विमा गरेको प्रमाण पेश गर्नुपर्नेमा पालिकाले निर्माणको अवधि मिति २०८१।११।६ देखि २०८२।२।३० सम्मको लागि बिमा बापतको रु. ४८०३७ भुक्तानी गरेकोमा मिति

२०८१।१२।१३ मा जारी गरेको बिमा बापतको बिजक पेश गरेकोले दामासाही हिसावले १ महिना ६ दिन पछि देखि लागु हुने विजक जारी गरेकोले आनुपातिक रुपमा बढी भुक्तानी भएको रु १६२०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,२०० |

५४.२ प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को बुदा नं. १० (३) मा चालु आर्थिक वर्षमा कुनै कारणवश निकासा भएको अनुदान रकम खर्च हुन नसकेमा त्यस्तो रकम आषाढ मसान्तभित्रमा प्रदेश सरकारको संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । समपुरक योजनाको पालिका तथा प्रदेशको बजेटबाट बरावर अनुपातमा खर्च लेख्नुपर्नेमा २ लाख प्रदेशबाट खर्च लेखेको देखिएकोले आनुपातिक रुपमा बढी खर्च लेखेको रु १ लाख प्रदेश फिर्ता पठाउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५४.३ फलामको डण्डीको वढी परिमाण भुक्तानी: पालिकाले लागत अनुमान तयार गर्दा ४२० मिटरलाई ड्रेन निर्माणको लागि लागत अनुमान तयार गरेकोमा नापी कितावमा ४२० मिटर ड्रेन खनेकोमा ४४६ मिटर नाली निर्माण गरेको भनी भुक्तानी भएको छ। ४४६.६० मिटर नालिमा १.३९ मिटर लामो डण्डी २० से मी दरले Spacing गर्दा २२३० वटा नम्वर र Bottom bar 8 MM D 2 वटा ४४६.६० मिटर लामो डण्डी र Longitudinal Side Bars ४ वटा ४४६.६ मिटर का दरले कुल २९६५ के जी डण्डी को भुक्तानी दिनुपर्नेमा ३९६० के जि को भुक्तानी दिई ९९५ के जी डण्डी को प्रति के जी मू अ कर सहित १०२ का दरले बढी भुक्तानी भएको रु. १०१४९० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,४९० |

५४.४ पि सि सि बढी परिमाणमा भुक्तानी: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरी तयार गरेको नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले २१० मिटर लामो र ५.५ मिटर चौडाइको आर सि सि ढलान(M20) गर्ने गरी लागत अनुमान तयार गरी कार्यादेश दिएको अवस्थामा पालिकाले २६० मिटरलामो र औषत चौडाई ५ रहेको Providing and laying Crusher Run Macadam on a Prepared surface sprding and mixing watering and Compacting to form a layer og Base course as per Drawing df 260*5.07(average Breath)*0.10 भएकोमा item no 14 Providing and laying of PCC (M20) in Sub Strucure 260*6.71(average Width)*0.17 भनी २७७.७१ घ मी को प्रति घ मी रु. ९५०० का दरले (260*5.17*0.17) २२८.५२ घ मी को भुक्तानी दिनुपर्नेमा ४९.१९६ घ मी को बढी भुक्तानी दिई रु. ४६७३६२ बढी भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३७,३६२ |

### ५५ मस्जिद देखि आलामगिरको घर सम्मा नाली निर्माण कार्यको लागि

मस्जिद देखि आलामगिरको घर सम्मा नाली निर्माण उपभोक्ता समितिलाई गौ. भै. नं. २६५|२०८२|०३|०४ वाट रु. ७८२८६५ भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा निम्ननुसारको व्यहोरा देखियो ।

५५.१ डन्डीमा बढि मुल्य — सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरी तयार गरेको नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। माथिको कार्यको लागि २२०३ के. जि. डन्डीको प्रति के. जि. रु. ९५ (मु. अ. कर बाहेक) दरले भुक्तानी दिएकोमा १९०० के. जि. डन्डीको मात्र विल भरपाई पेस गरेकोले ३०३ के. जि. प्रति के. जि. का दरले भुक्तानी भएको रु. ३९३९० असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,३९० |

५५.२ मेनुवल रेटको भुक्तानी —सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरी तयार गरेको नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले माथि उल्लेखित कार्यको लागि मेसिनको प्रयोग गरि खन्ने काम गरेकोमा ६८ घन मि. लाई मेसिनको प्रति घन मि. खन्ने दर रु. १०७ को दरले मुक्तानी दिनुपर्नेमा ३७९.७९ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. १८५५० असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,५५० |

५५.३ ईस्टिमेट भन्दा बढि डन्डीको रकम भुक्तानी —सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरी तयार गरेको नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था

छ। पालिकाले माथि उल्लेखित कार्यको लागि ४३.६५ घन मि. को लागि १५७३ के. जि. डन्डी राखी सोहि अनुसारको कार्यदेश दिएकोमा ३८.२८ घन मि. मात्र एम २० ढलान भएकोमा २२०३ के. जि. डन्डी दिई लागत अनुमान भन्दा ७०३ के. जि. डन्डीको प्रति के. जि. १३० का दरले बढि भुक्तानी भएको रु. ९१३९० को सम्बन्धमा पुस्टयाई हुने कागत पेस गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,३९० |

५६ **डन्डीको बढी भुक्तानी**

पालिकाले वडा नं. १० मा पक्की नाला तथा ग्रभेलको लागि टतबन्ध निर्माण माटो पटान उपभोक्ता समितिलाई गौ. भै. नं. ३७६|२०८२|०३|१८ बाट ७८०९७६ भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा निम्नुसारको व्यहोरा देखियो ।

सार्वजानिक खरिद नियमवली २०६४ को नियम १० अनुसार सार्वजानिक निकायले लागत अनुमान अनुसारको सोही नियमावलीको नियम १२३ मा अनुसार नापी किताब अनुसार भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. १० मा पक्की नाला तथा ग्रभेलको लागि टतबन्ध निर्माण माटो पटान उपभोक्ता समितिलाई गौ. भै. नं. ३७६|२०८२|०३|१८ बाट ७८०९७६ भुक्तानी भएको देखियो ।पालिकाले माथि उल्लेखित कार्यको लागि १० MM र ८ MM को लागि डन्डी १४२० के. जि. जानुपर्नेमा १९२१ के. जि. डन्डीको प्रति के. जि. १३० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको ६५१३० असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,१३० |

५७ **एकै व्यक्तिले वि ओ क्यू भरी कार्य संचालन गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनसार सार्वजनिक निकायले १ लाख भन्दा माथीको खरिद कार्य गर्दा लागत अनमान तयार गरी मल्य सचि माग गरी सारभत रुपमा प्रवाहग्राही प्रस्तावदाताबाट खरिद गर्नपर्ने व्यवस्था रहेको छ। कार्यालयले वाल उद्दान निर्माण वडा नं ९ जगदिशपर मा बाल बाटिका निर्माण गर्नको रु ४ लाख ७४ हजारको लागत अनमान तयार गरी मल्य सचि मागर गरेकोमा एकै व्यक्तिले ३ वटा फारम भरी १।१ हजार फरक पारी सवै भन्दा कम लेखेको ४ लाख ७५ हजार कवोल गर्ने नेपाल हाईमास्ट लाइटिङ्ग प्रा ली लाई गो भौ नं १७५।०८२।३।२३ बाट रु ४ लाख ७४ भक्तानी भएकोले पालिकाले आगामी दिनमा वस्तुनिष्ट तवरले लागत अनुमान तयार गरी प्रभावकारी रुपमा खरिद कार्य गरी खरिद कार्यलाई मितव्ययी बनाउनुपर्दछ।

५८ **नभएको कामको भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिकले नाँपजाच गरी तयार गरेको नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो भौ नं १८२।०८२।३।३४ बाट पि सि सि ढलान बापत एस के निर्माण सेवालाई ग्राभेल गर्ने र सो को रोलिङ्ग गरी सव वेस तयार गरिसकेपछि पि सि सि गर्ने गरी कार्यदेश दिएकोमा सो स्थानमा पहिला इट्टाको सोलिङ्ग भएकोमा ग्राभेल हालेको प्रमाण बेगर नै फर्मा राखी कन्क्रिट घोला राखी ढलान गरेको देखिएकोले ग्राभेल हालेको र लेभल मिलाएको प्रमाण बेगर नै ग्राभेल कार्य( ४६*३*०.१९) २५.४४ घ मी ग्रामेलको प्रति घ मी रु २४०३ का दरले कामनै नभएको आइटमको भुक्तानी भएको रु ६२१९० असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,१९० |

५९ **जहदी मेन सडकको सगुरो नाली निर्माण**

पालिकाले वडा नं. ११ को जहदी मेन सडकको सगुरो नाली निर्माण कार्यको लागिसि एल सि भवन निर्माण उपभोक्ता समिति लाई गौ. भै. नं. ७७|२०८१|११|२० बाट रु. ९७५००० भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा निम्ननुसारको व्यहोरा देखियो ।

५९.१ लागत अनुमान नभएको डन्डीको भुक्तानी — माथि उल्लेखित कार्यको लागि लागत अनुमानमा नभएको एक्ट्रा हाइटको लागि १२ एम एम को (३२४*०.७२*०.६२, ८ एम एम को डिस्टिबिउसन बार, ४*१५*०.३९, २*१५*०.३९) १८० के. जि. को प्रति के. जि. रु. १३० का दरले रु. २३४०० असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,४०० |

५९.२ रोयल्टी — पालिकाले माथि उल्लेखित कार्यको लागि ग्रभेल ९०० घनफिट प्रयोग भएकोमा सो को रोयल्टी तिरेको प्रमाण तथा विलविजक बेगर रकम भुक्तानी गरेकोले देखिएकोले उक्त परिमण को रोयल्टी बापत रु. ७००० असुल गरी दाखिल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,००० |

६० **प्रशासनिक भवन मर्मत बापतको रकम भुक्तानी**

पालिकाले प्रशासनिक भवन मर्मत( ठेक्का नं ४४।०७९।८०)को लागि रु १ करोड २२ लाख ५८ हजारको लागत अनुमान तयार गरी सवैभन्दा कम कवोल रु. ८५ लाख ९२ हजार ९३३(पि एस तथा भ्याट सहित) कवोल गर्ने ऋशभ कन्ट्रक्सनलाई मिति २०८०।१२।३० मा कार्यसम्पन्न गर्ने गरी मिति २०८०।३।४ मा सम्झौता गरी कार्यदेश दिएकोमा निर्माणले मिति २०८०।६।३० मा प्रथम रनिङ्ग विल बापत रु. ६९३८४२१.६८ भुक्तानी भएको र निर्माण व्यवसायीले मिति २०८०।८।१२ मा वि ओ क्यू अनुसारको आइटमको कार्यसम्पन्न भइसकेको तथा जनप्रतिनिधि तथा प्राविधिकको आदेश अनुसार थप भएकमो कार्यको भेरियसन आदेशअनुसार थप कार्यको भेरियसन आदेश स्वीकृतको लागि निवेदन मिति २०८०।८।१२ मा दर्ता गराएको छ।कार्यालयले पूर्व आकलन गर्न सकिने भत्काउने तथा खन्ने तथा आल्मुनियम पार्टेशन जस्ता आइटममा थप कार्य गराएको भनी मिति २०८०।९।२ मा टिप्पणी उठाएकोमा स्वीकृत भएको देखिदैन। कार्यालयले भुक्तानी पेन्डिङ्ग राखेको तथा म्याद थप नभएको अवस्थामा आ व २०८१।०८२ मा आएर गो भौ नं ५४।०८२।१।८ बाट रु १४ लाख ६३ हजार ७०८ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

६०.१ भेरिएसन आदेश: सार्वजनिक खरिद ऐन २०६३ दफा ५४ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई कानून अनुसार भेरियसन आदेश स्वीकृत गरी थप कार्य गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले तयार गरेको खरिद नियमावली अनुसार १५ प्रतिशत सम्म भेरिएसन आदेश नगर प्रमुखबाट स्वीकृत गर्न सकिने व्यवस्था रहेको र सो भन्दा माथीको भेरिएसन आदेश स्वीकृत गर्दा नगर कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले नगरप्रमूख स्तरबाट भेरिएसन आदेश स्वीकृत गराई भुक्तानी दिने कार्य नियम विपरित भएकोले यस कार्यमा सुधार गर्नुपर्दछ।

६०.२ भेरिएसन आदेश स्वीकृत गराई रकम भुक्तानी: सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न सकिने विषयमा भेरिएसन आदेश स्वीकृत गर्न नसिकने व्यवस्था रहेको हुदा पालिकाले भत्काउने, जग खन्ने तथा अल्मुनियमको पार्टेशन जस्ता कार्यमा समेत भेरिएसन आदेश गरी रकम भुक्तानी भएको देखिएकोले आगामी दिनमा कानून अवस्था अनुसार मात्र भेरिएसन गर्नुपर्दछ।

६०.३ पूर्व निर्धारित क्षतिपूर्ति: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीलेको ढिलाईको कारणले सम्झौताको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ।निर्माण व्यवसायीले तोकिए अनुसार समय मिति २०८०।१२।३० सम्म निर्माण कार्य नगरेको साथै म्याद थप नगरिकनै अन्तिम विल बापत गो भौ नं५४।०८२।१।८ बाट रु. १४ लाख ६३ हजार भुक्तानी भएको ले नियमानुसार खरिद सम्झौता रकम रु. ७५ लाख १५ हजार ८७० ( मू अ कर बाहेक) पूर्वनिर्धारित क्षतिपूर्ति बापत खरिद सम्झौताको १० प्रतिशतले हुने रु ७ लाख ५१ हजार असुल गरी दाखिला गर्नुपर्ने अन्यथा म्याद थपको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५१,००० |

६१ **कालिमाई मन्दिर तथा पोखरी निर्माण**

पालिकाले संघीय शसर्त योजना अन्तर्गत कपिलबस्तु नगरपालिका वडा नं. ०३ ठुलो सडवामा रहेको कालिमाई मन्दिर परिसर तथा पोखरीको डिलमा धर्मशाला निर्माणको लागि रु.९० लाख को लागत अनुमान गरी ठेक्का आव्हान गरिएकोमा रु ५७ लाख ७६ हजार ५९५ कवोल गर्ने रुद्र विल्डर्स तथा निर्माण प्रा ली लाई मिति २०८२।२।३१ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।११।११ मा सम्झौता गरी कार्यदेश दिएकोमा हालसम्म गो भौ नं १९।०८२।३।१ बाट रु. ३२ लाख ९१ हजार ५२९ र गो भौ नं ३४।०८२।३।२४ बाट रु १४ लाख १० हजार ३४८ गरी ४७ लाख १ हजार ८७७ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

६१.१ न्यून अवधिको बिमा- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बिमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले माथी उल्लेखित कार्यको लागि मिति २०८१।११।११ देखि २०८२।२।३१ सम्म निर्माण गर्नको लागि विमा बापत रु. ३९६२२ भुक्तानी भएकोमा मिति २०८१।१२।११ मा जारी गरेको विमाको विजक आधारमा पूरै अवधिको भुक्तानी भएको देखिएकोले विमाले कभर नगरेको १ महिनाको रकम रु.१३२०७ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,२०७ |

६१.२ पूर्व निर्धारित क्षतिपूर्ति- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीलेको ढिलाईको कारणले सम्झौताको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायी भएको सम्झौता को बुदा नं GCC 55.1 अनुसार निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्यसम्पन्न गर्न नसकेको खण्डमा कानुनमा व्यवस्था भए अनुसार प्रति दिन खरिद सम्झौता रकमको ०.०५% का दरले बढीमा १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपूर्ति भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा माथी उल्लेखित कार्य निर्माण व्यवसायीले मिति २०८२।२।३० सम्म निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०८२।३।२४ गते अन्तिम विल भुक्तानीको लागि माग भएकोले म्याद थप गरेको प्रमाण पेश गर्ने अन्यथा खरिद सम्झौता अनुसार २४ दिनको पूर्व निर्धारित क्षतिपूर्ति बापत रु.६९३१९ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,३१९ |

## ६२ वडा नं ९ भवन निर्माण

पालिकाले वडा नं ९ को भवन निर्माण गर्नको लागि रु. १ करोड ६७ लाख ५२ हजार ९८४ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु. १ करोड २१ लाख ४४ हजार ७४८ कवोल गर्ने ज्योति कन्ट्रक्सन कम्पनीलाई २०८०।१२।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०८०।३।४ मा सम्झौता गरी कार्यादेश दिएकोमा कुल कार्यसम्पन्न रु.१३०१४४३३.२० भएकोमा हालसम्म गो भौ नं ३८।०८०।९।१९ बाट रु. ३२०१८३२.९४, दोस्रो रनिङ्ग विल बापत गो भौ नं ४८।०८०।१२।७ बाट रु. २०४१२८९.५२, तेस्रो रनिङ्ग विल बापत गो भौ नं १२०।०८१।३।१८ बाट रु. १५६८३३३.९४ र आ व २०८१।८२ मा अन्तिम विल बापत गो भौ नं ३४।०८१।११।२६ बाट रु ६३३५४८० गरी कुल रु १३१४६९३६.४ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

६२.१ बढी भुक्तानी:- पालिकाले माथी उल्लेखित भवनको लागि कुल कार्यसम्पन्न रु १ करोड ३० लाख १४ हजार ४३३ भएकोमा रु १ करोड ३१ लाख ४६ हजार ९३६ भुक्तानी दिई रु. १ लाख ३२ हजार ५०३ बढी भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३२,५०३ |

६२.२ **ढोका तथा झ्यालको परिमाण कम घटाएको:-** माथी उल्लेखित भवनको नापी किताबको बुदा नं ९ मा First class Brick Work(1:6) In fundation and ground floor Structure in Cement sand Motar with approved Quality मा ग्राउन्ड फ्लोर, पहिलो फ्लोर र दोस्रो फ्लोरमा कुल २९५३.७४ घ फिट को भुक्तानी दिएकोमा ग्राउन्ड फ्लोरमा D3 Door ३ वटा (१*४*१०.५*०.७५), D4(१*४*१०.५*०.७५), D2 (२*२.५*९.५*०.७) को परिमाण १८५.**२५** घ फिट , प्रथम तलामा D1 Door ३ वटा (१*५*१०.५*०.७५), D२(१*३*१०.५*०.७५) को ६३ वर्ग फिट, र दोस्रो तलामा SW (१*१०.५*८*०.७५) मा ६३ क्यू फिट गरी कुल ३११.२५ घ फिट घटाउनुपर्नेमा सो नघटेको देखिएकोले ८.९ घ मी को प्रति घ मी रु ११००० का दरले रु. ९६९०० नघटाई भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,९०० |

६२.३ **म्याद थप:** सार्वजनिक खरिद ऐन २०६३ दफा ५६ अनुसार सार्वजनिक निकायले काबू बाहिरको परिस्थिति भएको तथा सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने विवरण उपलव्ध नगराएको कारण म्याद थप गर्नुपर्ने मनासिव कारण देखिएमा अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा म्याद थप गर्नसक्ने व्यवस्था रहेको छ। कार्यालयले माथी उल्लेखित निर्माण कार्यको लागि चैत्र मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा चैत्रको महिना वर्षाको कारणले गर्दा म्याद थप गर्नुपर्ने भन्ने अवास्तविक कारण पेश गरी मिति २०८१।६।३० सम्म म्याद थप माग गरेको निवेदन मिति २०८०।१२।४ को निवेदनको आधारमा पालिकाले २०८१।३।१६ मा २०८१।६।३० सम्म म्याद थप गरेको देखिएकोले वास्तविक कारण बेगर म्याद थप गरी अन्तिम विल बापत रकम भुक्तानी भएको देखिएकोले नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी दाखिला गर्नुपर्दछ।

६२.४ **विमा बापतको रकम भुक्तानी:** पालिकाले मिति २०८०।३।४ देखि २०८०।१२।३० सम्मको लागि विमा बापत रु. ७५१६८ भुक्तानी भएकोमा मिति २०८०।६।२१ मा जारी भएको विमाको प्रमाण पेश गरी रकम भुक्तानी भएको देखिएकोले आनुपातिक रुपमा ३ महिना १७ दिनको रु. २६५०० भुक्तानी भएको विमा बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,५०० |

६२.५

**भेरिएसन आदेश:** सार्वजनिक खरिद ऐन २०६३ दफा ५४ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई कानून अनुसार भेरियसन आदेश स्वीकृत गरी थप कार्य गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले पूर्वानुमान गर्न सकिने व्याक फिलिङ्ग र एल्मूनियम पार्टेशनको कार्यको लागि भेरियसन आदेश स्वीकृत गरी ८.२५% भेरियसन आदेश स्वीकृत गरी पालिकालाई थप व्यय भार भएको छ। आगामी दिनमा वस्तुनिष्ठ लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्दछ।

६२.६ एम २० को बढी भुक्तानी: ६ नं बुदा को कोलुम अप टु पिलिन्थ लेभलसम्म १६ वटा पिलरको C1 (१*१*२.५) को आधारले भुक्तानी दिनुपर्नेमा (१*१*३.८३) भुक्तानी दिई २१.२८ घ मी र C2 ४ वटा को ५.३२ गरी २६.६ घ मी को प्रति घ मी रु.१६३२० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. ४४२०९२ असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४२,०९२ |

## ६३ योजना संचालन

सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले प्रथम चौमासिकमा खरिद सम्झौता गरी दोस्रो चौमासिकमा कार्य गराई अन्तिम चौमासिकमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। साथै पालिकाले तयार गरेको नीति कार्यक्रममा समेत असारको महिना खर्च हुने प्रबृती रोक्नको लागि चैत्र पछि खरिद सम्झौता नगर्ने भनी उल्लेख भएकोमा कार्यालयले सो नीति तथा कानून व्यवस्थामा प्रतिकुल हुने गरी अधिकांश योजना अन्तिम त्रैमासिकमा ठेक्का सम्झौता गरी कार्यादेश दिएको हुदा ठुला ठेक्का अधुरा रहेको छन् भने साना ठेक्काको समेत गुणस्तरिय कार्य भएको विश्वस्त हुने आधार नभएको हुदा कार्यालयले ठेक्का व्यवस्थापन प्रकृयामा सुधार गर्नुपर्दछ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत नर्म्स अनुसार निर्माण सामाग्रीको बजार मूल्य तथा अन्य अवस्थाको निक्यौंल गरी योजनाको विश्लेषण गरेरमात्र योजनाको लागत अनुमान तयार गरी ठेक्का व्यवस्था गर्नुपर्नेमा बजेट हेरेर लागत अनुमान तयार गर्ने गरेको देखिएकोले अधिकांश योजना अपूरो मात्र रहेको देखिन्छ। र पुन सोहि योजना तयार गर्दा थप रकम खर्च हुने अवस्था देखिएकोले पालिकाले दिर्धकालिन रणनीति तयार सो को प्रथामिकता अनुसार निर्माण कार्यको डिजाइन तथा ड्रइङ्ग अनुसार सम्पूर्ण आवश्यक रकमको सुनिश्चितता गरेरमात्र खरिद ठेक्का व्यवस्था गर्नुपर्नेमा बजेट अनुसार कुल संरचनाको १० प्रतिषत २० प्रतिशत वा ५० प्रतिशत सम्मको मात्र लागत अनुमान तयार गरी ठेक्का व्यवस्था गर्ने गरेको देखिएकोले यस कार्यमा पालिकाले सुधार गर्नुपर्दछ। जसका केहि उदाहरण निम्नानुसार रहेका छन्।








६४ **उपभोक्ता समिति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक विल सहित उक्त विललाई प्रमाणित गर्ने विल भरपाई तथा अन्य प्रमाणित कागजात पेश गरी सोको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको उपभोक्ता समितिको भुक्तानी गर्दा निर्माण सामाग्री बापत ग्राभेल तथा माटो लगायतका प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा उक्त प्राकृतिक स्रोत साधनमा रोयल्टी तिरेको प्रमाण बेगर नै भुक्तानी दिएको निम्नानुसारको योजनाको रोयल्टी तिरेको प्रमाण तथा उक्त सामाग्री प्राप्त गरेको तथा प्रयोग गरेको प्रमाण पेश गर्नुपर्ने रु

| योजनाको नाम | उपभोक्ता समितिको नाम | वडा नं | प्रयोग भएको सामाग्री | रोयल्टी | प्रमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| सोनवा कहारीनको घरदेखि मुकुन्द पराजुलीको घरसम्मको बाटो | कृषक बाटो उपभोक्ता समिति | १ | माटो( ८६५घन मि.) | रु९१५५० | ग्रावेल २४० घन मि को रु१९२२५० | |

| प्रमाण पेश नगरेको | ९१,५५० |
|---|---|

६५ **आनन्दबाग सिकोटवा मलपरवा सडक** (३३।०८२।३।२४-):

पालिकाले २.६ कि मि को आनन्दबाग सिकोटवा मलपरवा सडक निर्माणको लागी संघीय समपुरक बजेट प्राप्त गरी पालिकाले त्यसको लागि लागत साझेदारी बजेट विनियोजन गरी ठेक्का आव्हान गरिएकोमा रु. ४ करोड ३३ लाख ५ हजार कवोल गर्ने ACSSC JV लाई मिति २०८३।३।२० सम्म निर्माण सम्पन्न गर्न मिति २०८२।३।२२ मा सम्झौता गरी कार्यदिश दिएकोमा पेश्की बापत रु. ६४०००० भुक्तानी भएको देखियो समपुरक योजनामा ५०% लागत साझेदारी स्थानीयले तहले गर्नुपर्नेमा पेश्की बापत रु. ६४००००० भुक्तानी गर्दा ३२ लाख संघ र ३२ लाख पालिकाको बराबर अनुपातमा खर्च हुने गरी रकम भुक्तानी गर्नुपर्ने सवै रकम संघ समपुरक अनुदानबाट खर्च भएको छ । पालिकाले उक्त कामको कन्टेन्जिन्सी बापत गो भौ नं ३५।०८२/ ३/ २५ बाट रु ४१६०० र गो भौ नं ३७।०८१।३।२५ बाट रु. १९५४०० गरी ररू. २३७००० खर्च लेखेकोमा खर्च नै नभएको योजनामा संघ समपुरक योजनाबाट कन्टिन्जेन्सी बापत भुक्तानी भएको रकम संघीय संचित कोषमा पालिकाले दाखिला गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | २,३७,००० |
|---|---|

६६ **म्यानूअल रेटमा रकम भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यसलाई प्रमाणित गर्ने विल भरपाई सहित त्यसको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले वडा नं २ मा सडक, नालि, वाटो ग्राभेल,पि.सी.सी, माटो ग्राभेल सम्भार निर्माणको लागि गो भौ नं २८८।०८२।३।११ बाट रु. ६७३ ०३३ भुक्तानी भएकोमा साधारण रक कटाइको लागि मेसिन प्रयोग गरेको देखिएकोमा ९८ घ मी मानिसद्धारा खनेको भनी मेसिनको दर प्रति घ मी रु. १०७ का दरले भुक्तानी दिनुपर्नेमा ४६८.६५ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. ३५४४८ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,४४८ |

६७ **कपिलवस्तु सहकारी भवन निर्माण**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ अनुसार स्थानीय तहले आफु मातहको सार्वजनिक तथा सरकारी क्षेत्रको प्रवर्द्धन तथा संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले नाफामूलक तथा ऋण तथा बचत कारोवार गर्ने सहकारी भवन मर्मत बापत गो भौ नं ५२।०८१।११।६ बाट कपिलवस्तु संस्था लिमिटेड ( प्यान नं ३०३२७७२६०) लाई रु. २९४००० भुक्तानी भएको कानून विपरित नाफामूलक सहकारीको भवन मर्मत बापत भुक्तानी दिई अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९४,००० |

६८ **शहिद प्रतिष्ठान भवन**

पालिकाले कपिलबस्तु नगरपालिका वडा नं. ३ मा चौरिखा हजार चोकमा रहेको कपिलवस्तु शहिद स्मृति प्रतिष्ठान भवन निर्माणको लागि संघीय शसर्त अनुदान बाट प्राप्त रु. ५० लाख अनुदान रकम प्रदान गरेकोमा पालिकाले पहिलो तलको पिलर तथा पिलिन्थ लेभलसम्म विम तयारी सम्मको लागि रु. ४८ लाखको लागत अनुमान तयार गरी ठेक्का आव्हान भएकोमा रु. ३२९३५६३ कवोल गर्ने सुजल कन्ट्रक्सन प्रा लीलाई सारभुत रुपमा प्रवाहग्राही ठहर गरी मिति २०८२।२।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।११।११ मा सम्झौता गरी कार्यदेश दिएकोमा कूल कार्यसम्पन्न भएको रु. ३०५१००९ को आधारमा गो भौ नै ८।०८२।१।९ बाट रु. २०८१९७० र अन्तिम विल बापत गो भौ नं २३।२०८२।३।१८ मा रु. ९६६७८२ सहित कुल रु ३०४८७५२ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

६८.१ सरकारी जमिन वितरण: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ अनुसार स्थानीय तहले आफू मातहतको सरकारी, सामुदायिक र सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आफ्नो स्वामित्वमा नरहेको वडा नं ३ को देरवामा रहेको कित्ता नं ११२६ को जग्गा मिति २०७९।३।५ गते पालिकाले कार्यपालिकाको निर्णय अनुसार कपिलवस्तु शहिद प्रतिष्ठानलाई उपलव्ध गराएको छ। कानून अनुसार सरकारी जग्गा संरक्षण गर्नुपर्नेमा उल्टो विभिन्न प्रतिष्ठानलाई नेपाल सरकारको निर्णय नै नगराई आफूखुसी सार्वजनिक तथा सरकारी जग्गा वितरण कार्य नियम विपरित भएकोले यस कार्यमा नियन्त्रण हुनुपर्दछ।

६८.२ न्यून अवधिको बिमा- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बिमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाले फाल्गुन ११ देखि जेष्ठ ३० सम्मको लागि विमा बापत को रु. २९७३९.०६ भुक्तानी गरेकोमा १ महिना ढिला गरी चैत ८ गते जारी भएको विमा जारी गरेको प्रमाण पेश गरेको आधारमा आनुपातिक रुपमा १ महिना ढिला भएको रु ९९१३ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९१३ |

६८.३ **ड्इङ्ग भन्दा बढी भुक्तानी:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकद्धारा तयार गरेको नापी कितावको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको आटमको ड्इङ्ग भन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको आइटम यकिन गरी असुल गर्नुपर्ने रु

| आइटमको नाम | ड्इङ्ग अनुसार भुक्तानी हुनुपर्ने परिमाण | भुक्तानी भएको परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| 9 Isolated Footing F2 | ६*२.१*२.१ | ८*२.१*२.१ | ६०० | ५२९२ |

| असुल गर्नुपर्ने | ५,२९२ |
|---|---|

६९ **स्यालो ट्यूव जडान**

पालिकाले स्यालो ट्यूव जडान बापत नरैनापुर मा जडान गरेको भनी गो भौ नं ४०७।०८२।३।२१ बाट रु.२९४००० र गत वर्षको पूँजिगत शीर्षक गो भौ नै १५९।०८२।३।२२ बाट रु १७८८४८ गरी रु.४७२८४८ र गत वर्ष रु. ३०७१५२ गरी ८१९७८४ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

६९.१ **विविध आइटमको भुक्तानी:** उपभोक्ता समितिबाट निर्माण व्यवसायी एस पि के कन्ट्रक्सन प्रा.लि.ले ड्रिलिङ्ग गरेको कार्यको भुक्तानी गरेकोमा Preparation of mud pit, site clearance, Platform Prepation र सुचना पार्टी नै नराखी सो सहित विविध आइटममा भुक्तानी भएको रु. ३५२१ असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,५२१ |
|---|---|

६९.२ **यू पि भि सि पाइपको विजक भन्दा बढी भुक्तानी:-** माथी उल्लेखित कार्यको लागि ४८ एम एम को पाइप ९३७ मिटरको प्रति मिटर रु ३६२ को दरले रु. ३३८९०९ भुक्तानी भएको मा ४८ एम.एम को पाइप ३४० मिटरको रु १५०४३९(मू अ कर बाहेक) र ११४ एम एम को यु पि भि सि पाइप २३ पिस गरी रु ५२२००(मू अ कर बाहेक) गरी मू अ कर सहित रु २२८९८२ मात्र पेश भएकोमा बिजक भन्दा बढी भुक्तानी भएको रु.१०९९२६ असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,०९,९६६ |
|---|---|

६९.३ **जडान पाइपका नाम लेर्वालेङ्ग:-** पालिकाले यस कार्यक्रम अन्तर्गत २५ थान सानो ट्यूवेल जडान बापत रु ८ लाख १९ हजार भुक्तानी भएकोमा उक्त ट्यूवेलमा सौजन्य तथा अनुदान प्राप्त भएको आर्थिक वर्ष समावेश नगरेको देखिएकोले निर्माण भएका सामाग्री यसै वर्ष भए नभएको यकिन गर्न नसकिने भएकोले सो सम्वन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

७० **अदालतटोलमा सडक पि.सी.सी ढलान**

पालिकाले अदालतटोल सडक पि सि सि ढलान कार्यको लागि रु. ६ लाख १६ हजारको लागत अनुमान तयार गरी कार्यादेश दिएकोमा श्री अदालत टोल उपभोक्ता समितिले रु. ६ लाख ४१ हजारको कार्यसम्पन्न भएको भनी गो भौ नं ४१०।०८२/३/२२ बाट रु ५७९६७६ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

७०.१ **फर्माको साइज भन्दा बढी परिमाणमा ढलानको चौडाई परिमाण भुक्तानी:-** पालिकाले माथी उल्लेखित कार्यको लागि बाटो सफा गर्ने कार्य (५८ मि*४.६ मी) र ढलान पार्टेशन फर्मा ३ एम एम को ४.६ मिटर लम्वाईका १२ मिटर का दरले भुक्तानी भएको भएकोमा एम २० ढलान औषत चौडाई ४.१० देखि ५.१० मिटर सम्म चौडाई राखी १५ सेन्टी मिटर औषतमा ०.१ देखि ०.१४ सम्म मोटाइ राखी भुक्तानी गरी (५८*०.१२*४.६) दिनुपर्नेमा फर्माको चौडाई भन्दा बढी चौडाई राखी भुक्तानी गर्दा बढी भुक्तानी भएको ८ क्यू मी को प्रति क्यू मि रु १३६५६.५८ का दरले भुक्तानी दिई बढी भुक्तानी रु.१०८४८७ असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,०८,४८७ |
|---|---|

७०.२ **रोयल्टी बापतका रकम दाखिला:** माथी उल्लेखित कार्यको लागि माटो फिलिङ्ग गर्ने कार्यको लागि ४०८ घ फि को प्रति घ फि रु २ र ग्राभेल ३९० घ फि को रु. ८ को दरले कुल रोयल्टी बापत रु. ४०९० रोयल्टी तिरेको प्रमाण बेगर भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,०९० |
|---|---|

७१ **भिक्चु चोकदेखि मालापरवा हुँदै बिजगौरीसम्म सडक**

पालिकाले भिक्चु चोकदेखि मालापरवा हुँदै बिजगौरीसम्म सडक (ठेक्का नं ३६।०७९।८०) निर्माणको लागि रु ८ करोड ८५ लाख २५ हजार २२४ को लागत अनुमान तयार गरी ठेक्का आव्हान भएकोमा रु ७ करोड ३२ लाख २० हजार ३८४ कवोल गर्ने महेश इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लिलाई २०८१।३।१६ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०८०।३।६ मा सम्झौता गरी कार्यादेश दिईएकोमा विभिन्न अवरोध तथा समयमा साइट किलिरेन्स तथा जग्गा विवाद भनी निर्माण व्यवसायीको माग अनुसार प्रथम पटक

२०८१।९।१५ सम्म र दोस्रो पटक २०८२।२।३० सम्म म्याद थप भएको कार्यको गो भौ नं ५२।२०८०।१२।२८ बाट प्रथम रनिङ्ग विल बापत रु ९२ लाख २३ हजार ९७०, र गो भौ नं ४५।०८१।१२।१० बाट रु २ करोड ०५ लाख ५१ हजार ४०६ गरी हालसम्म रु २ करोड ९७ लाख ७५ हजार ३७६ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

७१.१ **पूर्व निर्धारित क्षतिपूर्ति:** कार्यालय तथा व्यवसायी तथा उसको प्राविधिक टोली बसी २०८१।६।५ गते बैठक बसी मिति २०८१।९।१५ सम्म निर्माण व्यवसायीको अनुरोध अनुसार म्याद थप गर्ने सो भन्दा पछि निर्माण कार्य नभएको अवस्थामा पूर्व निर्धारित क्षतिपूर्ति लाग्ने भनी निर्णय गरी माइनुट गरेको साथै पछि पुन: साइट किलिरेन्सको कारण देखाई पालिकाले पुन: मिति २०८२।२।३० सम्म म्याद थप भएकोमा अवस्थामा निर्माण व्यवसायीले थपिएको समयमा समेत निर्माण कार्य सम्पन्न नगरेको हुदा नियमानुसार कारबाही गरी ठेक्का सम्पन्न गराउनुपर्दछ।

७१.२ **ठेक्का पूर्वको तयारी:** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले पूर्व तयारी गरेरमात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पूर्व तयारी चरणमा गर्नुपर्ने साइट किलिरेन्स नगरिकनै ठेक्का व्यवस्थापन गर्दा पछि ठेक्काका कार्यान्वयनको म्याद विभिन्न पटक गरी दोव्वर थप गर्दा समेत हालसम्म ५० प्रतिशत मात्र काम भएको देखिएकोले पालिकाले ठेक्का व्यवस्थापन पूर्व को तयारी गरेरमात्र ठेक्का व्यवस्था गर्नुपर्दछ।

## ७२ तारजाली निर्माण तथा वृक्षारोपण

पालिकाले तारजाली निर्माण तथा वृषारोषण तौलिहवा लुम्बिनि सडक निर्माण को लागि पालिकाले २ ठेक्काको लागि पहिलो टुक्राको लागि रु. ३० लाख ६३ हजार ४३४ र दोस्रो टुक्रको लागि ३४ लाख ९७ हजार ०५९ को लागत अनुमान तयार गरी छुट्टा छुट्टै ठेक्का आव्हान गरेकोमा ३ मिटरको ११८ वटा पिसको लागि रु. ३० लाख ६३ हजार ४४३ कवोल गर्ने बंश निर्माण सेवा प्रा ली ले खुद कार्य रु २९ लाख ६१ हजार गरेको आधारमा गो भौ नं ३२।०८१।११।२१ बाट रु. २९६१५०८ र ८२० आइटमको लागि रु ३४ लाख ९७ हजारको लागत अनुमान तयार गरी रु ३४ लाख ९७ हजार कवोल गर्ने रुद्र विल्डर्सलाई रु ३३ लाख ६३ हजारको खुद कार्य भएको भनी गो भौ नं २४९।०८२।३।१ बाट रु ३३६३८७६ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

७२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीलेको ढिलाईको कारणले सम्झौताको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ।पालिकाले हुलाकी देखि तौलिहवा बजारसम्म सडक जाली निर्माण कार्यको लागि मिति २०८१।७।३० सम्झौता गरी मिति २०८१।९।१५ सम्म निर्माण गर्ने गरी कार्यदेश दिएकोमा प्राविधिकले मिति २०८१।११।६ मा मापन गरेको देखिएकोले म्याद थप गरेको प्रमाण पेश गर्ने अन्यथा सोहि मितिमा निर्माण सम्पन्न भएको देखिने हुँदा खरिद सम्झौता अनुसार ५१ दिनको ढीला बापत प्रति दिन खरिद सम्झौता रु. ३०६३४३४.६१ को पूर्व निर्धारित क्षतिपूर्ति बापत रु. ७८११८ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,११८ |

७२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीलेको ढिलाईको कारणले सम्झौताको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। कार्यालयले ठेक्का नं १।०८१।८२ को लागि मिति ०८१।८।११ सम्झौता गरी २०८१।१०।३० मा निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता गरी कार्यदेश दिएकोमा मिति २०८२।१।३ मा प्राविधिकले नाँपजाच गरेको देखिएकोले मिति २०८१।११।३० देखि २०८२।१।३ सम्म ३३ दिनको पूर्व निर्धारित क्षतिपूर्ति बापत सम्झौता रकम रु. ३४९७०५९ को ०.०५% प्रति दिनको दरले ३३ दिनको रु. ५७७०१ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,७०१ |

## ७३ पिपहरा नगर देखी वडा कार्यालय जाने बाटोमा गेट निर्माण(पिपहरा)

७३.१ **डण्डीको विजक भन्दा बढी भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले माथी उल्लेखित उपभोक्ताको भुक्तानी गर्दा डण्डी बापत ८६० केजीको प्रति के जी ९५ ले मू अ कर सहित १०७ का दरले भुक्तानी दिएकोमा ८६० के जी डण्डीको प्रति के जि मू अ कर सहित रु. ९२ का दरले विजक पेश गरेको देखिएकोले बिजक भन्दा बढी दरमा भुक्तानी भएको रु. १२३३२ असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १२,३३२ |
|---|---|

७३.२ (३४९।०८२/३/१-):

म्यानुअल रेटमा भुक्तानी- सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ । पिपरहवा नगर देखि वडा कार्यालय जाने बाटोमा गेट निर्माण(पिपरहवा ): पालिकाले पिपरहवा नगर देखि वडा कार्यालय जाने बाटोमा गेट निर्माण(पिपरहवा) गेट निर्माणको लागि PIPRAHAWA GAU DEKHI WADA KARYALAYA JANE BATO GATE NIRMAN UPA सँग सम्झौता गरी कार्यसम्पन्न भए बापत रु ३९७१३५ भुक्तानी भएको देखियो। पालिकाले मेसिनको प्रयोग गरी कार्य गरेकोमा मेसिनको प्रति घ मी रु १०७ का दरले रकम भुक्तानी दिनुपर्नेमा ४८ घ मी खनेको भनी म्यानूअल रेट प्रति घ मी रु. ४६८.६५ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. १७३६० र व्याक फिलिङ्ग बापत १५ प्रति क्यू मी रु. ६८३ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. ८६४० समेत रु. असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २६,००० |
|---|---|

## ७४ मेयर कप

पालिकाले मिति २०८२।२।३ देखि २०८२।२।८ सम्म मेयरकप क्रिकेट प्रतियोगिता संचालन गरेको भनी रु १५ लाखको लागत अनुमान तयार गरी शिक्षा युवा तथा खेलकुद शाखाको युवरा भुसालको नाममा गो भौ नं३६।०८२।१।१६ मा रु २ लाख ५० हजारको पेश्की र गो भौ नं ६४।०८२।३।२५ बाट कुल रु १५ लाख(२ लाख ५० हजार पेश्की कट्टी) युवराज भुसालको नाममा भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

७४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ देखि १३ अनुसार सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा विगतको अवस्था, वर्तमान तया अन्य विवरणको तथा विभिन्न प्रचलित कानूनको आधारमा यथार्थपरक लागत अनुमान तयार गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मेयरकपको लागि १५ लाखको लागत अनुमान तयार गर्दा के कति कारणले १५ लाखको लागत अनुमान तयार गरेको सोको व्यहोरा उल्लेख नगरिकनै विनियोजित वजेटको आधारमा लागत अनुमान तयार गरेको, पालिकाले होटेल विलको आधारमा अफिसियल तथा खेलाडीको गाँस तथा वास बापत रु ३ लाख २० हजार भुक्तानी गरेको कुन होटेलमा कुन अफिसियल तथा कुन खेलाडी बसेको हो सो को प्रमाणित हुने होटेलमा रहेको इन्ट्रि किताबको प्रमाण संलग्न नगरेको तथा पाउल्लेखित कार्यको कार्यक्रम सम्पन्न भएको प्रमाण कागजात तथा खेलकुद भएको पूर्ण साइ सिट अम्पायरको प्रमाणपत्र अफिसियलको विवरण खुल्ने प्रमाण तथा अन्य प्रमाणित कागजात प्रमाण पेश नगरेकोले भुक्तानी दिदाँ खर्चसँग सम्बन्धित विवरण अद्यावधिक गरी खर्च गर्नुपर्दछ।

७४.२ **वितरण भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी निकायले सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यशिका डिजिटल प्रिन्टको विजकको आधारमा जर्सी प्रिन्ट १८० थान प्रति थान १३८०(मू अ कर बाहेक) टिसर्ट ३० थान प्रति थान रु १०५०(मू अ कर बाहेक) खादा प्रमाणपत्र तथा अन्य विवरण सहित रु ४ लाख ५५ हजार र क्रिकेट व्याग वल ग्लोव्स तथा अन्य सामाग्री आपूर्ति गरेको भनी मेरिट इन्टरनेशनल ट्रेडिङ्गको रु ४४२२८२ को बिजकको आधारमा रु ८९७२८२ वितरण गरेको वितरण भरपाई पेश नगरिकनै भुक्तानी भएको रु

| प्रमाण पेश नगरेको | ८,९७,२८२ |
|---|---|

## ७५ पदाधिकारी सेवा सुविधा

पालिकाले यस वर्ष नगर प्रमुख सहित ६४ जना जनप्रतिनिधिलाई आ.व २०८१।८२ मा रू. १ करोड २५ लाख ६० हजार पदाधिकारी अन्य सुविधा वापत भुक्तानी भएकोमा आ.व २०८०।८१ मा नपुग रकम भनि रू. ११ लाख ८८ हजार गरी रू. १ करोड ३७ लाख ४८ हजार भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

| पद | संख्या | मासिक | वार्षिक | जम्मा |
|---|---|---|---|---|
| नगरप्रमुख | १ | ३९००० | ४२९००० | ४२९००० |
| नगरउपप्रमुख | १ | ४५००० | ४९५००० | ४९५००० |
| वडाअध्यक्ष | १३ | ३२००० | ४५७६००० | ४५७६००० |
| कार्यपालिकासदस्य | ७ | १८००० | १३८६००० | १३८६००० |
| वडासदस्य | ४२ | ११००० | ५०८२००० | ५०८२००० |
| | | | जम्मा | ११९६८००० |
| | | | चाडपर्व | ५९२००० |
| | | | कुल जम्मा | १२५६०००० |

- **अनुगमन नभएको:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(४ख) अनुसार उप प्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन दिने भनी कानून व्यवस्था रहेकोमा पालिकाको योजनामा उप प्रमूखद्धारा अनुगमन भएको नदेखिएकोले यस कार्यमा सुधार गर्नपर्दछ।
- **वडाको बैठक भत्ता:** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७६ को दफा नं ८ अनुसारवडा समिति सदस्यले बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची बमोजिमको रकम बैठक भत्ता पाउने व्यवस्था रहेको छ । वडा समितिले यस वर्ष महिना ३ वटा बैठकका दरले वार्षिक रुपमा ३६ वटा बैठकको भत्ता बुझिलिएको अवस्थामा माइनुटमा सामान्य कार्यको लागि समेत बैठक बसि बैठक भत्ता भुक्तानी भएकोले वास्तविक कार्यको लागि मात्र बैठक बसी रकम भुक्तानी गर्नुपर्दछ।
- **अनुगमन खर्च:** पदाधिकारीलाई नियमित रुपमा यातायात वा सवारी सुविधा उपलव्ध गराएको अवस्थामा पुन: दोहोरो हुने गरी अनुगमन खर्च तथा यातायात खर्च भुक्तानी भइरहेको देखिएको यस कार्यमा सुधार गर्नुपर्दछ।

## ७६ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को ३९(१५) अनुसार कानून अनुसार तोकिएको भन्दा अन्य कार्यमा भुक्तानी बाँकीको विवरण तयार गरी भुक्तानी दिनु नहुने व्यवस्था रहेको छ। पालिकाले निम्न अनुसारको कानून विपरितको आइटममा समेत भुक्तानी बाँकी को विवरण तयार गरी भुक्तानी दिएको देखिएकोले आगामी दिनमा कानूनी व्यवस्था अनुसार भुक्तानी बाँकी राख्न मिल्ने खर्च शीर्षकको मात्र भुक्तानी बाँकी राखी भुक्तानी दिनुपर्दछ।

| कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|
| श्री धर्मभक्त मा.वि.बभनी अतिरिक्त कक्षा संचालन बापत परिश्रमिक | १०००० | १०००० |
| बहुक्षेत्रीय पोषण शाखा बैठक तथा निर्देशक समिति बैठक | ५०,०००.०० | ५०,०००.०० |
| कर्मचारीको बैठक भत्ताबोलपत्र मुल्याङ्कन समिति बैठक भत्ता | २३३००० | २३३००० |
| तिलौराकोट मा.वि.गोबरी कक्षा १२ र ३ सम्म कोचिङ्ग संचालन गर्ने वडा नं ६ | ७५,०००.०० | ७५,०००.०० |
| छाड चौपाय व्यवस्थापन भूक्तानि गत | ७४०००० | ६७५००० |
| डाँफे कृषि सहकारी संस्थालाई नगरपालिका भित्र दर्ता रहेको सहकारीलाई नियमन गर्ने तालिम उप | १०००० | ९८,२९९.०० |
| अपांग भएका व्यक्तिलाई कार्यक्रम सचेतामुलक वडा नं ३ | ५०,०००.०० | ५०,०००.०० |
| जग्गा नापीका लागि नक्कशा तथा आवश्यक दस्तुर लगायतका काम | ३००००० | २८६९०० |
| वडा नं.१२ कालिका मा.वि लाई बिकासलाई आवश्यक सामग्री खरिद उप | १०००० | ९९,१९१.४० |
| संस्कृति चाडपर्व तथा साहित्य सम्बन्धी कार्यक्रम वडा नं १ | १०००० | १०००० |
| न्यायिक समितिको गतिविधि सूचना प्रशारण उप | १०००० | १०००० |
| शैक्षिक अवलोकन भ्रमण बुद्धपदम मा.वि तौलिहवा | १०००० | १०००० |
| धार्मिक तथा सास्कृति कार्यक्रमहरु वडा नं २ | १५०००० | १५०००० |
| बुद्धपदम प्राङ्गणमा कथा बाचन व्यवस्थापन खर्च | ५१,०००.०० | ५१,०००.०० |
| श्रीराम कथा ज्ञान महायज्ञ वडा नं ५ बाट | २५,०००.०० | २५,०००.०० |
| वडा नं ८ स्वास्थय चौकी भोलेन्टियर प्रोत्साहन खाजा | २४,०००.०० | २४,०००.०० |
| वेलकम रेष्टुरेण्ट खाजा खाना समिति बैठक बजेट | ७,८५०.०० | ७,८५०.०० |
| बुद्ध शान्ती युवा क्लव कुस्मा व्यवस्थापन उप | ८४,०००.०० | ८३,९०२.०० |
| **जम्मा** | २३८९८५० | २३०९१४२.४ |

## ७७ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै नियमावलीको निमय १० अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद कार्य गर्न खरिद योजना तयार गरी सोहि अनुसारको खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ पटक सिल कोशेसन र अर्को पटक मूल्यसुचि माग गरी निम्नानुसारको औषधि खरिद गरी रकम भुक्तानी गरेको छ।

| गौ. भौ. नं. र मिति | सप्लायर्सको नाम | औषधी प्रकार | खरिद विधि | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३१|८१|०८|१३ | श्री न्युटन मेडिको फर्मा | ८१ | **मुल्य सुची**मा माग | १८२५७१३.८८ | १६३६५५० |
| ५२|२०८२|०१|२४ | मेरिगोल्ड इन्टरनेसनस प्रा. लि. | | ठेक्का प्रकृया | ९३६०९३ | ९३६०९३ |

**औषधि परिमाण -** नगरपालिकाकालाई आवश्यक पर्ने औषधि खरिद र अन्य सरकार तथा निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति गर्ने तथा आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको छाप लनगरनु पर्नेमा खरिद गरेको औषधीको नमूना परीक्षण गर्दा औषधीको निर्माण गर्दाको बखत नै Institutional Supply उल्लेख गरेको, निर्माण मिति समाप्त हुने मिति सबै एउटै छपाई गरेको देखिएकोले आपूर्तिकर्ताले औषधि कम्पनिले बाह्य बिक्रि र संस्थागत आपूर्तिको लागि फरक फरक औषधि उत्पादन गरेको भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्नेमा नमूनागत छनौट गर्दा आपूर्ति गरी औषधि दाखिला गर्दाको बखत उक्त औषधिको बाँकी म्याद औषधिको कुल अवधिको ७५% नरहेकोले आदि कमिकमजोरी देखिएकोले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

## ७८ स्वास्थ्य कर्मीको तलवभत्ता भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल भरपाई लगायतका अन्य कागजात संलग्न गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले करारनामा नै नगरिकनै साविकमा २०७५ सालमा जिल्ला स्वास्थ्य कार्यालयले ६ महिनाको लागि करार नियुक्ति गरी स्वास्थ्य संस्थामा काममाग गर्न पठाएकोमा त्यसपछि कुनै करारको म्याद थप नगरिकनै साथै संघ सरकारले करार सम्बन्धी कुनै व्यवस्था नगरेको साथै संघ सरकारबाट निज कर्मचारीहरुलाई कुनै करारपत्र नदिएको अवस्थामा पालिकाले २ जना कर्मचारी लाई मासिक ३२९०५ का दरले १३ महिनाको रु८५५५३० र पोषाक खर्च रु २०००० समेत कुल रु.८७५५३० संघीय शसर्त अनुदानबाट खर्च लेखेकोले पालिकाले उक्त रकम संघीय सरकारमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७५,५३० |

७९ **कार्यक्रम संचालन**

सार्वजनिक खरिद ऐन २०६३ अनुसार सार्वजनिक निकायले आफ्नो जनशक्तिले नसक्ने तथा जनशक्ती उपलब्ध नभएको अवस्थामा मा मात्र बाह्य व्यक्ति तथा संस्थासँग परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ। साथै खरिद नियमावली २०६४ को नियम १० अनुसार स्वीकृत नर्म्स तगा प्रचलित कानून अनुसार लागत वस्तुनिष्ट लागत अनुमान तयार गर्ने साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार सार्वजनिक निकायले आर्थिक स्रोत मितव्यवी रुपमा खर्च हुने गरी दोहोरो रुपमा खर्च हुने गरी खर्च गर्न नहुने व्यवस्था रहेको छ। कार्यालयले यस्ता व्यवस्था पालना नगरिकनै प्रत्येक कार्यक्रमलाई टुक्रा पारी आफ्नो जनशक्तिले उक्त कार्य गर्न सक्ने नसक्ने यकिन नगरिकनै वाह्य संस्था तथा व्यक्तिको उक्त कार्यक्रम गर्न योग्यता भए नभएको यकिनै नगरिकनै चालू प्रकृतिको कार्य तथा कार्यक्रम संचालन गरेको भनी रकम भुक्तानी भएको हुदा पालिकाले बाह्य प्रशिक्षक वा संस्थाबाट कार्यक्रम संचालन गर्नपर्ने वस्तुनिष्ट आधार तथा कार्यक्रम संचालन भएको यथार्थ विवतरण पेश गरी कार्यक्रम संचालन गर्नुपर्दछ।

| गा भौ नं र मिति | कार्यक्रम | कार्यक्रम संचालन भएको वडा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १३०३।०८२।३।२५ | पर्यटन प्रवर्द्धन कार्यक्रम | ३ होटद्ल तथा पर्यटन संघ कपिलवस्तु | ५०००० | |
| १३०१।०८२।३।२५ | स्वास्थय शिविर संचालन | नेपाल एकिकृत समन्वय विकास संस्था | १४५७५० | स्वास्थ्य शाखाले नियमित रुपमा कार्यक्रम संचालन |
| १२९७।०८२।३।२५ | VIA शिविर संचालन | कपिलवस्तु सुचना केन्द्र | २ लाख | नेपाल सरकारको नियमित कार्य तथा स्वास्थ्य कर्मी आवस्यक पर्ने |
| १२९५।०८२।३।२५ | क्षयरोग निवारण अभिमुखिकरण कार्यक्रम( ४ वटा विद्यालयमा क्षयरोगको जानकारी() | नेपाल क्षयरोग संस्था | २००००० | स्वास्थ्य शाखाले नियमित रुपमा कार्यक्रम संचालन गरिरहेको |
| १२७०।०८२।३।२५ | स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्यक्रम | संजिवनी नेपाल | ९३००० | |
| १२४६।०८२।३।२५ | स्वास्थ्य सम्बन्धी आँखा शिविर संचालन | सन लाइट सामाजिक विकास केन्द्र | २९१००० | |
| ११७३।०८२।३।२३ | सहकारीको लेखासम्बन्धी तालिम | संजिवनी नेपाल प्यान नं ३०५४०५०३० | १९१०५० | |
| १०८७।०८२।३।१९ | पर्यटन गाड सम्बन्धी तालिम | कपिलवस्तु सामजिक विकास केन्द्र प्यान नं ६०८७१०६३३ | १९६५०० | |
| | | | | |

८० **नगर सभा संचालन**

स्थानीय तहकापदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६को दफा ८ अनुसार सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायीक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची बमोजिमको रकम बैठक भत्ता बापत रकम उपलब्ध गराउन सकिने व्यवस्था रहेकोमा माथी उल्लेखित भन्दा फरक व्यक्तिहरु नगरसभामा उपस्थिति भएको भनी सल्लाहकारलाई १५०० बैठक भत्ता भुक्तानी गरेको देखिएकोले ऐन विपरित रकम भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

८१ **अनुदानको अनुगमन**

**अनुदानको अनुगमन —** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, सेवाको लागि विभिन्न सामान खरिद गरि रु.२६६६६४७.७२खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको समाग्रीको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र. सं. | विवरण | परिमाण | लाभग्राही संख्या | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | स्प्रे टंकी वितरण वडा नं. २, ५, ६, ८, १२ | ५५७ थान | ५५७ जना | १४५१४१९.४६ | |
| २ | डेलिभरी पाइप उप प्रमुख | ९६० के. जि. | ७२ जना | ३४२७९६.८ | २२ बांकी वितरण गर्न |
| ३ | डेलिभरी पाइप वडा नं. २ | ३१६ के. जि. | ३० जना | ९८९११.१६ | |
| ४ | लिभरी पाइप वडा नं. ६ | ३१९ के. जि. | ३६ जना | ९७०३३.१ | |
| ५ | लिभरी पाइप वडा नं. ८ | १३४० के. जि. | | ४७८४८७.२ | |
| ६ | माछाको जाल उप प्रमुख | ३६ थान | ३६ जना | १९८००० | |

८१.१ **कार्यसम्पादन जमानत पेस नभएको:—** सार्वाजनिक खरिद नियमवली २०६४ को नियम ११० (४) मा खरिद सम्झौमा अन्यथा अवस्था भएकोमा बहेक मालसामन आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्यभूतिको अवधि भन्दा कम्तिमा १ महिना बढि अवधिको कार्यसम्पादन जमानत पेस गर्न लागाई खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित खरिद कार्यको लागि नियामनुसार १३ महिनाको अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा सो नगरेकोले १३ महिनाको अवधि भएको रु २ लाख ६१ हजार को कार्यसम्पादन जमानत पेस गर्नुपर्ने

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६१,००० |

८१.२ **लाभग्राही छनोट:—** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवली २०७७ को नियम ४१ घ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा दोहोरो खर्च हुनेगरी खर्च नहुने व्यवस्था रहेको छ । कार्यालयले सम्बन्धित लाभग्राहिलाई उक्त सामन अवश्यकता भए/ नभएको, आघिल्ला आ. वा. हरुमा सोहि किसिमका अनुदान प्राप्त गरे/ नगरेको एकिन नगरिकनै अनुदान वितरण गरेकोले पालिकाले अगामि दिनमा वस्तविक लाभग्राहिहरुको पहिचान गरि अनुदानको दोहोरो खर्च नहुने गरी अनुदान वितरण गर्ने व्यवस्था गर्नु पर्छ ।

## ८२ कानूनी सल्लाहकार

लागत अनुमान तयार नगरिकनै तथा कार्यविवतरण समावेश नगरिकनै कानून सल्लाहकारको रुपमा होमनाथ पाण्डेलाई नियुक्त गरी मासिक रुपमा१५ प्रतिशत कार काट्ने गरी रकम कूल रु २ लाख १६ भुक्तानी भएकोमा छनौटको आधार तथा वार्षिक रुपमा सम्पादन गरेको कार्यको यथार्थ विवरण खुल्ने प्रमाण पेश गरेरमात्र भुक्तानी दिनुपर्दछ।

## ८३ सगरहवा नाका

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, नियम ५८ मा राजश्वको लेखा राख्ने व्यवस्था रहेको छ। पालिकाले सगरहवा नाकाको उत्खन्नयोग्य परिमा ५९९७६० क्यू फि को न्यूनतम कवोल अंक रु ४७ लाख ९८ हजार ०८० र धरौटी बापत रु रु २ लाख ४० हजार राखी ठेक्का आव्हान गरिएकोमा रु.१ करोड ४५ लाख ५० हजार कवोल गर्ने समय माता निर्माण लाई (कुल १२० मध्ये ठेकेदारलाई १०० ठेली मात्र प्रदान गरिएको ) मिति २०८१।१२।३० मा कवोल अकको ५० प्रतिशतले हुने ७२ लाख ७५ हजार जम्मा गरी बाँकी रकमको जरिवाना सहित दाखिला गर्नुपर्दछ।

## ८४ असुली गर्न बाँकी आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लाग्ने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाको आर्थिक ऐन, २०८१ को दफा ७ मा बहाल बिटौरी शुल्क लगाउने कुरा उल्लेख छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार ८ व्यवसायिबाट रु. १६६०४७० असुल गर्ने बाँकी रहेको छ ।

पालिकाको निम्नानुसारको ८ व्यवसायी को मू अ कर बापत रु ३४०४०५ र गौतम बुद्ध मिनी बसपार्क असुल रकम बापत रु. ६४५३१५ र तौलिहवाहाट बजारको असुल रकम बापत रु. ६७४७५० गरी कुल रु १६ लाख ६० हजार ४७० असुल गर्नुपर्ने रु

| राजश्वशिर्षक र विवरण | सम्झौता मिति | सम्झौता रकम | रकम दाखिला गर्नेम्याद | दाखिला रकम | दाखिला गर्न बाकीरकम | जरिबाना | कुल असुल रकम | भ्याट | कुल असुल |
|---|---|---|---|---|---|---|---|---|---|
| गौतम बुद्ध मिनी बसपार्क ठ. बिजय कुमार गुप्ता | सम्झौतानभएको | ११५३००० | २०८२असार सम्म | ५६६३५० | ५८६६५० | ५८६६५ | ६४५३१५ | १४९८९० | ७९५२०५ |
| तौलिहवा हाट बजार ठे. दिपक कुमार गुप्ता | सम्झौतानभएको | १७७५००० | २०८२असार सम्म | १२६८८७५ | ५०६१२५ | १६८६२५ | ६७४७५० | दाखिला | ६७४७५० |
| जगदीशपुर हाट बजार ठ. साधु सरण मल्लाह | ०५/२८/२०८१ | ३०८००० | २०८२असार सम्म | ३०८००० | ० | | ० | ४००४० | ४००४० |
| पचेहरा हाट बजार ठे. राजाराम निषाद | ०५/१६/२०८१ | ५१५०० | २०८२असार सम्म | ५१५०० | ० | | ० | ६६९५ | ६६९५ |
| सागर ताल माछापोखरी ठे. कैलाश हरिजन | ०४/२२/२०८१ | ८५०००० | २०८६असार सम्म | ८५०००० | ० | | ० | ११०५०० | ११०५०० |
| पश्चिम मैनिहवा गांउको माछा पोखरी ठे. बलराम कहार | ०५/०२/२०८१ | ५३००० | २०८६असार सम्म | ५३००० | ० | | ० | ६८९० | ६८९० |
| बरदहवा ताल माछा पोखरी रुधौला ठे. ओम प्रकाश भर | १०/२३/२०८१ | ४६००० | २०८६असार सम्म | ४६००० | ० | | ० | ५९८० | ५९८० |
| राम घाट मेला वडा नं. ३ ठे. सुनिल कुमार जैसवाल | ०७/२९/२०८१ | १५७००० | १दिन | १५७००० | ० | | ० | २०४१० | २०४१० |
| **जम्मा** | | **४३९३५००** | **०** | **३३००७२५** | **१०९२७७५** | **२२७२९०** | **१३२००६५** | **३४०४०५** | **१६६०४७०** |

असुल गर्नुपर्ने | १६,६०,४७०

## ८५ नदीजन्य पदार्थ बिक्री

**पालिकाले यस वर्ष** बाणगंगा नदिका विभिन्न ६ वटा नाकाहरु बाट २१७६७७६ घनफिटको लागि रु. १७४१४२०८ कबोल अंक निर्धारण गरि २०८१-११-१४ मा ठेक्का आवहान गरेकोमा निम्ननुसारको नाकामा निम्नअनुसारका बोलपत्रदाता सो ठेक्कामा देखिएका अन्य ब्यहोराहरु निम्न प्रकारका छन।

| नाकाको नाम | ठेक्क नं. | उत्खनान परिमाण (घन फिट) | बोलपत्रदाताकोनाम | कबोल अंक (मु. करबहेक) | न्युनतम कबोल अंक भ्याट बाहेक |
|---|---|---|---|---|---|
| कुस्मा नाका | १८-०८१-०८२ | ५०८०३२ | बिजयएण्ड गुड्डु निर्माण सेवा | ८६६६६६६ | ४०६४२५६ |
| जलैंया नाका | १९-०८१-०८२ | ६४९१५२ | समय माता निर्माण | २६१५०००० | ५१९३२१६ |
| सगरहवा नाका | २०-०८१-०८२ | ५९९७६० | समय माता निर्माण | १४५५०००० | ४७९८०८० |
| रामघाट नाका | २१-०८१-०८२ | ११२८९६ | इस्लाम निर्माण सेवा | १२४१५५५ | ९०३१६८ |
| मालपरवा नाका | २२-०८१-०८२ | १८३४५६ | दयाल निर्माण सेवा | २६७७००० | १४६७६४८ |
| पिपरहवा नाका | २३-०८१-०८२ | १२३४८० | रोशनी निर्माण सेवा | ३६८६००० | ९८७८४० |
| | जम्मा | २१७६७७६ | | ५६९७१२२१ | १७४१४२०८ |

- **नाका—** पालिकाले कुस्मा नाकाको उत्खनान योग्य परिमाण ५०८०३२ घटफिटको रु. ४०६४२५६ को न्युनतम कबोल अंक निर्धारण गरि ठेक्का आह्वान गरेकोमा भ्याट बाहेक रु. ८६६६६६६ कबोल गर्ने बिजयएण्ड गुड्डु निर्माण सेवाले सुचना बमोजिम सम्झौता गर्दा कबोल अंकको ५० प्रतिशत नगदै दखिला र बाकी ५० प्रतिशतको मान्यता प्राप्त बैंक बाट बैंक जमानत पेस गर्नुपर्ने प्रवधान अनुरुप रु. ७०१६६६६ नगद जम्मा र रु १६५०००० को कार्यसम्पादन जमानत पेस गरी मिति २०८२ जेठ २५ गते बैंक जमानी पत्र अनुसारको रकम पेस गर्ने गरी मु. अ. कर सहित प्रति घनफीट रु. २२.८० का दरले २०८२/०१/०३ मा सम्झौता भएको श्रेस्ता परिक्षण गर्दा निम्ननुसारको व्यहोरा देखियो ।

८५.१ मू.अ कर दाखिला: मू.अ कर ऐन २०५८ को दफा १५(३) मा स्थानीय तह वा नेपालस्थितै अन्तर्राष्ट्रिय संघ, संस्था वा नियोग वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले खरिदकर्तालाई प्रति घनफिट रु. २०.१८ मा मु.अ. कर रु. २.६३ का दरले संकलन गर्न कार्यदेश

दिएकोमा मु. अ. कर बापत ५०८०३२ घनफिटको रु. १३३६१२५ संकलन गरी पालिकामा दाखिला गरेको अवस्थामा पालिकाले रु ११२६६६७ मात्र दखिला गरेकोले कम दाखिला भएको मु. अ. कर बापतको रु. २०९४६० दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०९,४६० |

८५.२ **जरिबाना** — आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (४) अनुसार कुनैपनि निकायले तोकिए बमोजिमको राजस्व तोकिएको मितिमा दाखिला नभएको खण्डमा ३ दिन भन्दा बढी आवधि ढिला गरेको अवस्थामा भुक्तान गर्नुपर्ने बाकी राजस्वको १० प्रतिशत सहित बाकी रकम असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित नाकाको कबोल कर्ताले दाखिला गर्न बाकी रु. १६५०००० सम्झौता अनुसारको २०८२ जेठ २५ भित्र दाखिला गरिसक्नु पर्नेमा त्यसको ११ दिन ढिला जम्मा गरेको देखिएकोले पालिकाले आगामी दिनमा ढीला दाखिला गर्दा जरिवाना तिर्नुपर्ने व्यवस्था गरेरमात्र ठेक्का बन्दोवस्त गर्नुपर्दछ।

## ८६ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।साथै, पालिकाको आर्थिक ऐन, २०८१ मा राजश्व संकलनका क्षेत्र व्यवस्था गरी कर तथा शुल्क निर्धारणको व्यवस्था गरेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | संकलन |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पतीकर | ६०००००० | ५३९१४५८ |
| २ | ११३१४ | भुमिकर/ मालपोत | ५०००००० | ३३६११९५ |
| ३ | ११३१५ | घरजग्गारजिष्ट्रेशन दस्तुर | ४००००००० | ३००९५८४४ |
| ४ | ११३१७ | वहालकर | ५०००००० | ४७९६०७७ |
| ५ | ११३१८ | वहालविटौरी कर | २५००००० | ३५६७८८१ |
| ११ | ११४७९ | अन्यमनोरञ्जन कर | १०००० | ० |
| १२ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | ० | २३३७२२० |
| १३ | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०००० | ० |
| १४ | ११६३२ | अखेटोपहारमालाग्ने कर | २००००० | ० |
| १५ | ११६९१ | अन्यकर | १०००० | १४४२१६ |
| २२ | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ५००००० | २२०५५४ |
| २५ | १४२११ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | १०००० | ० |
| २६ | १४२१२ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | १००००० | २३७६० |
| २७ | १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | २००००० | ६४७१५३ |
| ३३ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | १०००००० | १४७००० |
| ३४ | १४२४१ | पार्किङ्गशुल्क | १४५०००० | ४३३८६२ |
| ३५ | १४२४२ | नक्सापासदस्तुर | ३०००००० | १४९६०१३ |
| ३६ | १४२४३ | सिफारिशदस्तुर | ५०००००० | २७३७२०५ |
| ३७ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ८००००० | ५४४१५० |
| ३८ | १४२४५ | नाताप्रमाणित दस्तुर | ३००००० | २६९९०० |
| ३९ | १४२४९ | अन्यदस्तुर | २००००० | ८७१४३३ |
| ४० | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २००००० | १५१७४० |
| ४२ | १४३११ | न्यायिकदण्ड जरिवाना र जफत | ५०००० | १८०० |
| ४३ | १४३१२ | प्रशासनिकदण्ड जरिवाना र जफत | २०००००० | १८६२२०७ |
| ४४ | १४३१३ | धरौटीसदरस्याहा | ० | २११०००० |
| ४५ | १४५२९ | अन्यराजस्व | १०००० | २२१५७४३ |
| ४६ | १४६११ | व्यवसायकर | ३०००००० | ० |
| | | जम्मा | ७८५९०००० | ६४७०८९३५ |

८७ **जलैया नाका:**

पालिकाले ६४९१५२ घ फि नदिजन्य पदार्थ उत्खन्न गर्नको लागि रु. ५१ लाख ९३ हजार २१६ न्यूनतम कवोल अंक कायम गरी रु. २ लाख ६० हजारको को धरौटी कायम गरी ठेक्का आव्हान गरिएकोमा रु. रु २ करोड ६१ लाख ५० हजार कवोल गर्ने समय माता निर्माणलाई सारभुत रुपमा प्रवाहग्राही ठहर गरी मिति २०८१।१२।२७ मा ७ दिनको समयअवधि दिई कवोल अंक को ५० प्रतिशत नगद जम्मा र बाँकी ५० प्रतिशतको मिति २०८२।४।३० सम्म म्याद भएको कार्यसम्पादन जनमानत पेश गरी सम्झौता भएकोमा उक्त निर्माण व्यवसायी सम्झौता गर्न नआएकोमा कार्यालयले मिति २०८२।१।८ मा धरौटी जफत गर्ने र दोस्रो धैरै रु. १ करोड २१ लाख ७९ हजार १३२ कवोल गर्ने स्टार कन्ट्रक्सन रकम कवोल गर्ने र प्रथम हुने समय माताको धरौटी जफत गर्ने निर्णय गरेको गरी कृषि

विकास बैंक कृष्णनगर कपिलवस्तुलाई मिति २०८२।१।१० मा पत्राचार गरेको साथै बैंकलाई पुन: २०८२।१।२४ मा जफतको लागि अनुरोध पत्र पत्राचार गरेको र मिति २०८२।०१।११ मा स्टार कन्ट्रक्सन लाई ७ दिन म्याद दिई सम्झौता गर्न पत्राचार गरेकोमा पुन: मिति २०८२।१।२५ पत्राचार भएकोमा पालिकाको धरौटी खातामा रु १५ लाख आइ पि एस बाट जम्मा भएको देखिन्छ।दोस्रो कवोल गर्ने स्टार कन्ट्रक्सनले समेत सम्झौता गर्न नआएको भनी मिति २०८२।२।२० मा बैक जफतको लागि ग्लोवल आइ एम ई बैंक पिपरा शाखालाई धरौटी बापत रु. ७ लाख ५० हजार जफतको लागि पत्राचार गरेकोमा पुन: २।२७ मा सोही बैंकलाई पत्राचार गरेको र तेस्रो कवोलकर्ता कस्तुरी निर्माण सेवाले २०८२।१।२३ मा पालिकालाई पत्र लेखी ४१ दिनमा माथी उल्लेखित परिमाण संकलन गर्न नसिकने हुदा दिन गन्तिले हिसावले कवोल अंक घटाउने वा ठेक्का अस्वीकृत गर्न पत्राचार गरेकोमा पालिकाको मिति बैठकले उक्त वोलपत्र खारेज गर्ने निर्णय गरेको छ। यस सम्वन्धमा देखिएका अन्य वेहोरा निम्नानुसार रहेका छन्।

८७.१ **जरिवाना:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (४) अनुसार कुनैपनि निकायले तोकिए बमोजिमको राजस्व तोकिएको मितिमा दाखिला नभएको खण्डमा ३ दिन भन्दा बढी अवधि ढिला गरेको अवस्थामा भुक्तान गर्नुपर्ने बाकी राजस्वको १० प्रतिशत सहित बाकी रकम असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले २ वटा ठेक्का कवोलकर्ताको कार्यसम्पादन जमानतपत्र जफत गरी पालिकाको खातामा दाखिला गर्नको लागि पत्राचार गरेको बैंकले नियमानुसार ३ दिनभित्र दाखिला गर्नुपर्नेमा सो नगरेको देखिएकोले कानून अनुसार बैंकबाट धरौटी बापतको रकमको १० प्रतिशत जरिवाना लिनुपर्दछ।

८७.२ पालिकाले घरौटी बापत मू अ कर सहितको रकम माग गर्नुपर्नेमा सो नगरी पालिकालाई पहिलो कवोलकर्ताले राखेको १५ लाख धरौटी(मू अ कर बाहेक) र दोस्रो कम कवोलकर्ताबाट रु ७ लाख ५० हजार असुल गरी दाखिला गरेको देखिएकोमा उक्त रकम मू अ कर बापत रु २ लाख ९२ हजार मू अ कर बापतको रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९२,००० |

८७.३ **तेस्रो कवाल:** कार्यालयले प्रथम र दोस्रो धेरै कवोलकर्तालाई ठेक्का सम्झौताको लागि आव्हान भएकोमा प्रथम र दोस्रो पार्टि सम्झौता भएको लागि वोलावट भएकोमा उक्त पार्टिहरु सम्झौताको लागि नएकोमा नियमानुसार तेस्रो पार्टिलाई सम्झौता गर्नको लागि वोलाउनुपर्नेमा नवोलाएको पालिकालाई आर्थिक व्ययभार भएकोमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

८८ **मलपरखा नाका**

पालिकाले मलपरवा नाकाको १ लाख ८३ हजार ४५६ घ फुट को लागि रु. १४ लाख ६७ हजार ६४८ न्यूनतम कवोल अंक र धरौटी बापत रु ७५०००(मू अ कर बाहेक) राख्ने गरी ठेक्का आव्हान गरेकोमा रु. २६ लाख ७७ हजार(मू.अ. कर बाहेक) कवोल गर्ने दयाल निर्माण सेवालाई मिति २०८१।१२।२८ मा निज निर्माण व्यवसायीले रु १३३८५०० नगर जम्मा गरी बाँकी रु. १३ लाख ३८ हजार ५०० को मिति २०८२।५।१५ सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गरी कार्यसम्पादन जमानतमा उल्लेख भएको रकम मिति २०८२।२।२५ भित्रै दाखिला गर्ने गरी सम्झौता गरी प्रथम पटक १०० क्यू फि प्रति पाना( एक ठेलीमा मा ५० पाना भएको) ८ वटा ठेली मिति २०८२।२।१ मा दोस्रो पटक १२ थान मिति २०८२।२।१२ र अन्तिम १६ थान मिति २०८२।२।२० मा जारी गरी हालसम्म ३६ थान वितरण गरेको देखिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

८८.१ मू अ कर रकम दाखिला : मू अ कर ऐन २०५८ को दफा १५(३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गरि दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले ठेक्का कवोल १ लाख ८३ हजार ४५६ क्यू फि लाई प्रति क्यू फि २.२३ दरले रु ४ लाख ९ हजार १०६ मू अ कर असुल गरेको अवस्थामा मू क कर बापत रु ३ लाख ४८ हजार मात्र दाखिला गरेको देखिएकोले कम दाखिला भएको मू अ कर बापतको रु ६१ हजार १०६ दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,६०६ |

८८.२ जरिवाना: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (४) अनुसार कुनैपनि निकायले तोकिए बमोजिमको राजस्व तोकिएको मितिमा दाखिला नभएको खण्डमा ३ दिन भन्दा बढी आवधि ढिला गरेको अवस्थामा भुक्तान गर्नुपर्ने बाकी राजस्वको १० प्रतिशत सहित बाकी रकम असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का कवोलकर्ताले

तोकिएको समय २०८२।२।२५ मा दाखिला गर्नुपर्नेमा सो नगरी असाढ ३० गते मात्र दाखिला गरेको देखिएकोले नियमानुसार दाखिला गर्न बाँकी रु १३ लाख ३८ हजार ५०० को १० प्रतिशत जरिवाना रु १लाख ३३ हजार ८५० दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३३,८५० |

८९ **स्वयंसेवक शिक्षकको तलब भत्ता** (गो. भौ.नं. ७२४|२०८२|०२|०९ -):

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम शिक्षक पदपूर्ति गर्दा शिक्षक विद्यार्थी अनुपात हेरेर मात्र शिक्षक छनौट गरी पदपूर्ति गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले गत विगत वर्षहरु देखि नै स्वयंसेवक शिक्षक नियुक्त गरी तलब भत्ता भुक्तानी गर्दै आएको छ। बालविकास १६ जना,प्रा. वि तह १४ जना,नि. मा. वि तह २८ जना र मा. वि. तह ९ जना गरी जम्मा ६७ जना शिक्षक लाई मसिक क्रमश दर रु. १६०००, १७०००, १८०००, २०००० का दरले तलब भत्ता स्वरुप रू १५३१४०००।-खर्च भएको छ। नगरपालिकाले प्रकृया पुरा गरी शिक्षक नियुक्त गरी तलब भत्ता खर्च लेखेको अवस्थामा वडा नं. २ ले ३ वटा विद्यालयलाई रु २७२६१६, वडा नं. ७ ले २ वटा विद्यालयलाई रु. ३७९४००, वडा नं. ८ ले १ वटा विद्यालयलाई रु. ११२००० भुक्तानी भएको छ। नगरपालिका तथा वडाहरुको कार्यक्रममा दोहोरो खर्च नहुने गरी बजेट निर्माण गर्दा नै नियन्त्रण गर्नुपर्ने देखिन्छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदयित्व नियमवली,२०७७ को ३९ (१०) मा अधिकार प्राप्त अधिकारीले विल भरपाई सहित लेखा राख्ने र सो को औचित्यको अधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं. ८ को श्री जनकल्याण आ. वि. कचरिहवाले मिति २०८२-०१-०१ मा बालबिकास सहजकार्ताको रुपमा शीला पाललाई नियुक्ति भएकोमा वडा नं. ८ का वडा अध्यक्ष श्री शिव कुमार पाण्डेयको मिति २०८२-०१-१० मा निज शिक्षकलाई नियुक्ति पुर्व श्रावण देखि कार्तिक सम्मा र दशै खर्च बापतको रकम रु. ८०००० भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
